का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २६९
❒ ७ मंसिर २०७८, मंगलबार
❒ 23 November 2021, Tuesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।

## एमाले महाधिवेशन

# ओलीसँग आश छ, भर छैन





> नेकपा एमालेको १० औं राष्ट्रिय महाधिवेशन शुक्रबार चितवनमा शुरु हुँदैछ । तर उपाध्यक्ष भीम रावलले अध्यक्ष पदमा उम्मेदवारी घोषणा गर्नु बाहेक बाँकी नेताहरुले मौनता तोडेका छैनन् । यसको प्रमुख कारण भने अध्यक्ष केपी शर्मा ओलीको चाहना बिपरीत जान नसक्ने अवस्था हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ मंसिर ।

नेकपा एमालेका उपाध्यक्ष भीम रावलले शुक्रबार शुरू हुने १० औं राष्ट्रिय महाधिवेशनमा अध्यक्ष पदको उम्मेद्वारी दिने घोषणा गरेका छन् । १०बुँदे सहमति गरी एमालेमै रहेका उपाध्यक्ष रावलले पार्टीलाई थप एकताबद्ध र नयाँ उचाइमा पुर्‍याउन नेतृत्व लिने घोषणा गरेका छन् । रावलको उम्मेद्वारी घोषणाले केपी शर्मा ओली फेरि अध्यक्षमा निर्विरोध निर्वाचित हुने संभावना भने सकिएको छ ।

ओली निकट नेताहरुले निर्विरोध नेतृत्व चयन हुने दावी गर्दै आएका थिए । पार्टीभित्र भावनात्मक एकताको खाँचो रहेकाले ओली फेरि निर्विरोध हुनुपर्ने उनीहरुको तर्क थियो । एमालेमा अहिले ओलीलाई निरन्तर साथ दिदै आएको समूह, १० बुँदे पक्षधर र माओवादी छोडेर आएका नेताहरुको तीन समूह छ । तर माओवादी छोडेका र १० बुँदे पक्षधर कमजोर छ । ओलीलाई समर्थन गर्ने पंक्ति भने ठूलो छ ।

त्यसैले ओलीलाई निर्विरोध अध्यक्षको प्रचार गरिदै आएको थियो । तर रावललेका उम्मेद्वारीले उक्त दावी खण्डन भएको छ । रावल पछि १० बुँदे पक्षधर बाँकी नेताहरुले पनि उम्मेद्वारी घोषणाको तयारी गरेको स्रोतले जनाएको छ । "सहमतिमा नेतृत्व टुंगिने अवस्था नरहँदा निर्वाचनमा जानुको विकल्प छैन । हामी तयारीमै छौं", ती स्रोतले भन्यो ।

तर ओली निकट नेता र माओवादीबाट आएका नेताहरुमा भने अझै पनि अलमलमा देखिन्छन् । दिनहुँ बालकोटमा नेताहरुको भीड लागेपनि नेताहरुले मुख खोल्न सकेका छैनन् । तर आकांक्षी संख्या भने ठूलो छ । अध्यक्ष बाहेक १४ पदमा उम्मेद्वार संख्या भने दोब्बर बढी छ । एमालेले एक बरिष्ठ उपाध्यक्ष सहित चार उपाध्यक्ष, एक महासचिव, एक उपमहासचिव र सात सचिवको व्यवस्था गरेको छ ।

त्यसमध्ये बरिष्ठ उपाध्यक्ष र महासचिव पदका आकांक्षी धेरै छन् । त्यो पनि ओलीलाई विश्वास र साथ दिने नेताहरुबीच प्रतिश्पर्धा छ । बरिष्ठ उपाध्यक्षमा महासचिव ईश्वर पोखरेल, संसदीय दलका उपनेता सुवास नेम्वाङ र माओवादीबाट आएका रामबहादुर थापा बादलको दावी छ । महासचिवमा विष्णुप्रसाद पौडेल, शंकर पोखरेल, पृथ्वीसुब्बा गुरुङ, सुरेन्द्र पाण्डेको आकांक्षा छ । चार उपाध्यक्षमा दावी गर्नेको संख्या पनि ठूलै छ । सचिव पदका आकांक्षी संख्या चार गुणा बढी छ ।

तर कसैले पनि दावी सार्वजनिक गर्न सकेका छैनन् । "अध्यक्ष कमरेडले नभनी कसरी यो पदमा लड्छु भन्ने ?", एक नेता भन्छन्, "अहिले अध्यक्षसँग आशा गर्ने, तर पाइन्छ भन्ने भर गर्ने अवस्था छैन ।" एमालेको १०औं महाधिवेशन १०-१२ मंसिरमा चितवनमा हुँदैछ ।

# १७ कारणले प्रन्याको राजीनामा



**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ मंसिर ।

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग गर्दै आन्दोलनरत नेपाल बार एशोसिएशनले राजनीतिक नेतृत्वको ध्यानाकर्षण गराएको छ । सोमबार प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष र संसदमा प्रतिनिधित्व गर्ने दलहरुलाई ध्यानाकर्षण पत्र बुझाएको छ ।

> प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले पदबाट राजीनामा गर्नुपर्ने १७ कारण रहेको नेपाल बार एशोसिएशनको निष्कर्ष छ ।

न्यायिक मर्यादा जोगाउन प्रधानन्यायाधीश जबरालेराजीनामा दिनुपर्ने माग सहित १४ कात्तिक देखि बारले आन्दोलन गरिरहेको छ । सर्वोच्च अदालत परिशरमा प्रधानन्यायाधीश जबरालाई प्रवेशमा अवरोध गरिरहेका बारले आफ्नो आन्दोलन आइतबार देखि देशब्यापी बनाएको छ । सोमबार पनि आन्दोलन जारी राखेको बारले व्यवस्थापिकाको ध्यान खिच्न ध्यानाकर्षणपत्र बुझाएको छ ।

बारले प्रधानन्यायाधीश जबराले राजीनामा गर्नुपर्ने १७ कारण उल्लेख गरेका छन् । न्यायालयको स्वतन्त्रता, शुद्धता, निस्पक्षता र गरिमा जोगाउन प्रधानन्यायाधीश जबराले राजीनामा दिनुपर्ने बारले उल्लेख गरेको छ । बारले कार्यपालिकासँग अनुचित साँठगाँठ गरेकाले प्रधानन्यायाधीश जबराले राजीनामा गर्नुपर्ने उनीहरुको माग छ ।

**बारले बुझाएका ज्ञापनपत्रको पूर्णपाठः**

१. लोकतन्त्र, मानवअधिकार, जनताको न्याय, विधिको शासन, संवैधानिक सर्वोच्चता एवं स्वतन्त्र, सक्षम, निस्पक्ष र जिम्मेवार न्यायपालिकाको पक्षमा नेपाल बार एसोसिएसन आफ्नो स्थापनाकालदेखि नै दृढतापूर्वक उभिदै आएको व्यहोरा सर्वविदितै छ । न्यायपालिकाभित्र विकृति, विसंगती, भ्रष्टाचार र विचौलियाहरूले प्रवेश पाएको तथा प्रभाव बढ्दै गएको भन्ने सम्वन्धमा सर्वोच्च अदालत बार एसोसिएसनद्वारा गरिएको अध्ययन प्रतिवेदन-२०६४, सर्वोच्च अदालतको अध्ययन प्रतिवेदन-२०६६ र २०७२ समेतले औंल्याएको तथ्य पटक-पटक सार्वजनिक भएकै छ ।

२. नेपालको संविधानले स्वतन्त्र, सक्षम, निस्पक्ष र जिम्मेवार न्यायपालिकाको परिकल्पना गरी तदनुरूपको संवैधानिक प्रवन्ध गरेको छ । संविधानले परिकल्पना गरेको मूल्य र आदर्श सहितको न्यायपालिकाको लागि न्यायाधीशहरूलाई सोही अनुरूपको सेवा सुविधा र सेवाका शर्तहरू संविधान र कानूनद्वारा नै तोकिएका छन् । शक्ति पृथकीकरण र शक्ति शन्तुलनका सम्पूर्ण अवयवहरूलाई आत्मसात गरी नेपालको संविधानले न्यायपालिका तथा त्यसमा कार्यरत न्यायाधीशहरूलाई स्वतन्त्र र निर्भिकताको साथ इमान्दारीतापूर्ण ढंगले पदीय कर्तव्य निर्वाह गर्ने संवैधानिक दायित्व सुम्पिई त्यो शर्तमा नेपाली जनताको करबाट स्थापित सर्वसंचित कोषवाट निजहरूले पारिश्रमिक प्राप्त गर्ने व्यवस्था गरेको छ । संविधानको पवित्र उद्देश्य र संवैधानिक दर्शनलाई सम्पूर्ण रूपमा भताभुंग र नष्ट गर्ने गरी स्वयं पदासीन प्रधानन्यायाधीशबाट उक्त संवैधानिक जिम्मेवारीलाई आफ्नो निजी सम्पत्ति सरह स्वेच्छाचारी ढंगले दुरूपयोग गरेकोले न्यायपालिकाभित्रको विकृति, विसंगती र भ्रष्टाचार चरम उत्कर्षमा पुगेकोले नेपालको सिंगो न्याय क्षेत्र र नेपाल बाँकी पृष्ठ २ मा

# कात्तिक महिनामा करिब ५५ हजारको श्रम स्वीकृति

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ मंसिर

वैदेशिक रोजगारीमा जानेक्रम क्रमशः बढ्दै गएको छ । वैदेशिक रोजगार विभागले तयार पारेको प्रतिवेदन अनुसार गत कात्तिक महिनामा म्यानपावर कम्पनीमार्फत २७ हजार ७ सय ९ जना कामदारले वैदेशिक रोजगारमा जानका लागि अन्तिम श्रम स्वीकृति लिएका छन् ।

असोज महिनामा म्यानपावर कम्पनीमार्फत २६ हजार ९१ जना कामदारले वैदेशिक रोजगारमा जानको लागि अन्तिम श्रम स्वीकृति लिएका थिए । उनीहरू पहिलोपटक वैदेशिक रोजगारीमा जान लागेका हुन् । त्यसमा महिला कामदारको संख्या २ हजार १ सय ८३ रहेको छ । कात्तिक महिनामा व्यक्तिगत प्रयासमा १ हजार २ सय ६७ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । कात्तिकमा वैधानिकीकरणका माध्यमबाट १ हजार ४२ जना, पुनः श्रम स्वीकृतिका माध्यमबाट २४ हजार ९ सय ४७ जना गरी कुल ५४ हजार ९ सय १८ जनाले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका छन् । विभागको प्रगति विवरण अनुसार कात्तिक महिनामा ६ सय ५ वटा म्यानपावर कम्पनीले श्रम स्वीकृति निकालेका छन् ।

असोजमा ५ सय ६८ म्यानपावरले वैदेशिक रोजगारमा कामदार पठाएका थिए । त्यसमध्ये सबैभन्दा बढी साउदी अरबमा १२ हजार ३ सय ३ जनाको श्रम स्वीकृति भएको छ । असोजमा साउदी अरबका लागि १३ हजार ३ सय ४८ जनाको श्रम स्वीकृति भएको थियो । साउदी अरबपछि अघिल्लो महिना जस्तै कतार जानेको श्रम स्वीकृति भएको छ । असोजमा कतार जाने ७ हजार ६ सय ८५ जनाले श्रम स्वीकृति लिएकोमा कात्तिकमा ८ हजार ४ सय ८० जनाको श्रम स्वीकृति भएको छ । यूएई जाने पनि केही बढेका छन् । असोजमा ३ हजार १ सय ६ जनाले यूएई जान श्रम स्वीकृति लिएकोमा कात्तिकमा ५ हजार १ सय २५ जनाले श्रम स्वीकृति लिएका छन् ।

मलेसियामा संस्थागतरूपमा एक जनाको पनि श्रम स्वीकृति भएको छैन भने व्यक्तिगत रूपमा ८२ जनाको श्रम स्वीकृति भएको छ । अघिल्लो महिनामा जस्तै रोमानिया जाने क्रम कात्तिकमा पनि देखिएको छ । असोजमा २ सय ९ जनाको रोमानियाका लागि श्रम स्वीकृति भएकोमा कात्तिकमा २ सय ५० जनाको श्रम स्विकृति भएको छ ।

ओमान जाने भने घटेका छन् । असोजमा ३ सय १३ जनाको श्रम स्वीकृति भएको ओमानमा कात्तिकमा २ सय ६२, मरिससमा ९ जना, कुवेतमा १ सय ५८ जना, माल्दिभ्समा १२ जना, जोर्डनमा १४ जना, साईप्रसमा ३ सय ४० जना, बहराइनमा ७ सय ४७ जनाले संस्थागत अर्थात् म्यानपावर कम्पनीमार्फत श्रम स्वीकृति लिएका छन् ।

**वैदेशिक रोजगार विशेष**

## प्यारा‍डाइज इन्टरनेशनल पहिलो नम्बरमा



**काठमाडौं/मस–** कात्तिक महिनामा ६६ म्यानपावर कम्पनीले एक सय भन्दा बढी कामदारको अन्तिम श्रम स्वीकृति निकालेका छन् । त्यसमध्ये प्याराडाइज इन्टरनेशनल प्रालिले ८ सय ४६ पुरूष र ८३ महिला गरी ९ सय २९ जनाको अन्तिम श्रम स्वीकृति निकालेर कात्तिक महिनामा धेरै कामदार पठाउने सूचीको एक नम्बरमा रहेको छ ।

सूचीको दोश्रो नम्बरमा रहेको एसओएस म्यानपावर सर्भिस प्रालिबाट ६ सय ८४ जनाले अन्तिम श्रम स्वीकृति प्राप्त गरेका छन् । त्यसमा ६९ जना महिला छन् । तेस्रो स्थानमा रहेको मोभिरा रिक्रुटमेन्ट कन्सल्टेन्सी सर्भिस प्रालिले ३ महिलासहित ६ सय ३३ जना, चौथो नम्बरमा रहेको फजल इन्टरनेशनल प्रालिले ५ सय ४२ जना, पाँचौं स्थानमा रहेको अल साहिद ओभरसीजले एक महिलासहित ४ सय ३० जना, छैठौंमा रहेको लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिसले ७ महिला सहित ३ सय ९५ जनाको श्रम स्वीकृति निकालेका छन् ।

त्यस्तै सातौं नम्बरमा रहेको अक्सफोर्ड इन्टरनेशनल प्रालिले ३ सय ८७ जना, आठौं नम्बरमा रहेको नौकरी नेपाल रिक्रुट्मेन्ट सर्भिसले १ सय ७ महिलासहित २ सय ९३ जना, नवौं स्थानमा रहेको अल सेक्युर म्यानपावर रिक्रुट्मेन्टले ६० महिलासहित २ सय ९० जना र दशौं स्थानमा रहेको ट्यालेन्ट ओभर्सिस सर्भिसेस प्रालिले एक महिलासहित २ सय ८६ जनाको अन्तिम श्रम स्वीकृति लिएका छन् । असोज महिनामा विभागले ७३ हजार एक सय ८५ जनाको पुर्व स्वीकृति दिएको छ ।

कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनिको लागि निम्न कर्माचारिको आवश्यकता भएको हुँदा दक्ष तथा अनुभवि साथै इमान्दारि व्यक्तिहरुले योग्यता प्रमाणपत्रका साथ सम्पर्क गर्नु होला।

RECEPTIONISTS : 2 Female
(Minimum SLC, or +2 & experience with related field )

PUBLIC RELATION OFFICER (Pro) : 3 (M/F)
(Minimum SLC, or +2 & experience with related field )

Human Resources (HR) : 1 (M/F)
Bachelor Level & minimum 2-4 years experience with related field.

तलब तथा सेवा सुविधा आपसी सहमतिमा हुनेछ ।

ANS ASSOCIATES PVT. LTD.
Boudha-6, Mahankal,Ktm., Nepal.
Tel : 015178424,
Mob : 9851134522 / 9823592522

Interested candidates can send their CV through email address : anspasang8125@gmail.com

# स्थानीय तहको केन्द्रमा समेत मतदाता नामावली संकलन

**काठमाडौं/मस**–निर्वाचन आयोगले ७७ निर्वाचन कार्यालय, ७७ जिल्ला प्रशासन कार्यालय र विभिन्न ४० इलाका प्रशासन कार्यालयबाट हाल भइरहेको मतदाता नामावली संकलनलाई निरन्तरता दिने भएको छ। आयोगले मतदाता नामावलीलाई निरन्तरता दिँदै स्थानीय तहको केन्द्रमा समेत मतदाता नामावली संकलन गर्ने भएको छ।

आयोगले यही मंसिर १७ गतेदेखि उल्लेखित कार्यालय रहेका स्थानीय तहबाहेकका ६ सय ३७ स्थानीय तहको केन्द्रमा समेत मतदाता नामावली संकलनसम्बन्धी विशेष कार्यक्रम अभियानका रूपमा सुरु गर्न लागेको जनाएको छ। मतदाता नामावली संकलन कार्य हिमाली र पहाडी जिल्लाका स्थानीय तहमा १० दिनसम्म सञ्चालन हुनेछ भने तराई, भित्री मधेस तथा काठमाडौं उपत्यकाका स्थानीय तहमा १५ दिनसम्म सञ्चालन हुने आयोगका सहसचिव एवं प्रवक्ता शालिग्राम शर्मा (पौडेल)द्वारा जारी विज्ञप्तिमा उल्लेख छ।




विसं २०७४ मा निर्वाचित स्थानीय तहका पदाधिकारीको पदावधि समाप्त हुन लागेको र प्रचलित कानुनी व्यवस्थाबमोजिम निकट भविष्यमै स्थानीय तहको निर्वाचन सम्पन्न गर्नुपर्ने भएको छ।

आगामी निर्वाचनको मिति घोषणा हुनुभन्दा अगावै मतदाता नामावलीमा नाम दर्ता गर्न योग्यता पुगेका कोही पनि नेपाली नागरिक मताधिकारबाट वञ्चित हुन नपरोस् भनी आयोगले सो अभियान सञ्चालन गर्न लागेको हो।

संकलन कार्य हरेक जिल्लामा दुई चरणमा हुने भएकाले सम्बन्धित निर्वाचन कार्यालयबाट प्रकाशित कार्यक्रम हेरी आफ्नो स्थानीय तहमा कार्यक्रम सञ्चालन हुने अवधिका बारेमा जानकारी प्राप्त गर्न सकिनेछ। उक्त नामावली संकलन अभियानमा १६ वर्ष उमेर पूरा गरी नेपाली नागरिकता प्राप्त गरेका सबै नागरिकको मतदाता नामावलीको विवरण संकलन कार्य हुने विज्ञप्तिमा उल्लेख छ।

आयोगले तोकेको मितिमा १८ वर्ष उमेर पूरा गरेका नागरिकको नाम मतदाता नामावलीमा समावेश गरिनेछ। विभिन्न रोजगारी वा अध्ययनको सिलसिलामा आफ्नो जिल्लाबाहिर रहेका नागरिकलाई समेत सहज रूपमा मतदाता दर्ता प्रक्रियामा सहभागी गराउन मङ्सिर १७ गतेदेखि निरन्तर रूपमा सबै निर्वाचन कार्यालयबाट अन्य जिल्लामा स्थायी ठेगाना रहेका नागरिकको समेत मतदाता नामावली संकलन कार्य शुरु गरिने आयोगले जनाएको छ।

मतदाता नामावली संकलन विशेष कार्यक्रममा देशभर करिब दुई हजार ३०० कर्मचारी प्रत्यक्ष रूपमा संलग्न हुनेछन्। विसं २०७८ पुस २० गतेभित्र सबै स्थानीय तहमा मतदाता नामावलीको संकलन कार्य सम्पन्न भइसक्नेछ। विसं २०७७ पुस ५ गते १८ वर्ष उमेर पूरा गरेका नागरिकलाई समावेश गरी आयोगबाट २०७७ साल चैत ४ गते प्रकाशित अन्तिम मतदाता नामावलीबमोजिम देशभर एक करोड ६२ लाख ४३ हजार ११० मतदाता कायम रहेकामा यस कार्यक्रमबाट देशभर करिब १० लाख मतदाता थप हुने अनुमान गरिएको छ।

## सम्पदा संरक्षणमा जुट्न राष्ट्रपतिको आग्रह

**महोत्तरी/मस**–राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रिय सम्पदा र संस्कृतिको संरक्षणमा जुट्न अनुरोध गरेकी छन्।



महोत्तरीको मटिहानी नगरपालिका-७ मा नवनिर्मित रंगशालाको सोमबार उद्घाटन गर्दै राष्ट्रपति भण्डारीले प्राचीन ऋषिमुनिको तप र साधना भूमि मिथिलाक्षेत्रका राष्ट्रिय सम्पदा र यहाँको गौरवमय संस्कृतिको संरक्षणमा पहलकदमी लिन सम्बद्ध सबैपक्षसँग आग्रह गरेकी हुन्। उनले भनिन्,'प्रदेश-२ प्राचीन मिथिलाका अष्टावक्र, याज्ञवल्क्य, गार्गी, मैत्रेयी र राजा जनकसहितका विद्वान, विदुषीको साधना र तपको थलोका रुपमा परिचित छ। हामीले आफ्नो गौरवपूर्ण विगतलाई सम्मान गर्दै यी सम्बद्ध धरोहरको संरक्षण र सम्वर्द्धन गर्न पर्दछ।'

मैथिली भाषाका महाकवि विद्यापतिको साधनाले मुलुकको वाङ्मय समृद्ध बनेको पनि उनले चर्चा गरिन्। मुलुकको विकास र पहिचानमा खेलकूद क्षेत्रको महत्वपूर्ण स्थान हुने राष्ट्रपति भण्डारीको भनाइ छ। नवनिर्मित रंगशालामा हुने अबका नियमित अभ्यासले खेल क्षेत्रमा राष्ट्रिय प्रतिभा जन्माउने विश्वास लिएको राष्ट्रपति भण्डारीले उल्लेख गरिन्। मुलुकको तराई क्षेत्र अन्न उत्पादनको उर्वर भूमि रहेको हुँदा कृषिमा नयाँ प्रविधिको प्रयोग र अभ्यास बढाउँदै किसानलाई आधुनिक खेतीतर्फ लाग्न आवश्यक सीप, प्रविधि र सुविधा बढाउन स्थानीय तह, प्रदेश र केन्द्रसहित तीनै तहका सरकारले पहलकदमी लिनपर्ने राष्ट्रपति भण्डारीको भनाइ छ। नेपालको समग्र इतिहासमा मिथिला क्षेत्रले विशिष्ट स्थान ओगटेको चर्चा गर्दै राष्ट्रपति भण्डारीले जनकनन्दिनी सीताको जन्मभूमि रहेको यस ठाउँमा अझै जातीय भेदभाव, महिला उत्पीडन, अन्धविश्वास र अशिक्षाले सिर्जित गरिबी अहिलेको चुनौती बनेको बताइन्। यसलाई न्यूनीकरण गर्न प्रदेश-२ सरकारले थालेको 'छोरी बिमा' र 'बेटी बचाउ-बेटी पढाउ' कार्यक्रमको राष्ट्रपति भण्डारीले सराहना गरिन्। 'प्रदेश-२ सरकारले थालेको यो प्रयत्नले नारी शिक्षालाई बल दिनसँगै सक्षम नागरिक बनाउन मद्दत गर्नेछ', भण्डारीले भनिन्। शिक्षाको अवस्था फेर्नसँगै बालविवाह, अनमेल विवाह, बहुविवाह, दहेज र तिलक प्रथा एवं बोक्सीप्रथा जस्ता विसंगति र विकृति समाजमा अझै देखिनु दुःखको विषय रहेको राष्ट्रपतिले बताइन्। मटिहानीमा ३०० वर्ष पहिले स्थापित तत्कालीन संस्कृत पाठशाला र हालको राजकीय संस्कृत माध्यमिक विद्यालयले देशमा शिक्षाको ज्योति छर्न महत्वपूर्ण योगदान दिएको राष्ट्रपति भण्डारीले उल्लेख गरिन्। शैक्षिक जागरणका अग्रदूत बालगुरु षडानन्दलेसमेत अध्ययन गर्नु भएको यो विद्यालयको समयोचित सुधार र विकासमा योगदान पुऱ्याउनु सबैको दायित्व भएको भण्डारीले बताइन्।

## शिक्षालाई प्रविधिमैत्री बनाउन आग्रह

**काठमाडौं/मस**– शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले शिक्षा, सिकाइ र शिक्षण प्रणालीलाई प्रविधिमैत्री बनाउनुपर्ने बताएका छन्।

खुमलटारस्थित नेपाल विज्ञान प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)को कार्यालय निरीक्षण गर्दै सहकुलपतिसमेत रहनुभएका मन्त्री पौडेलले जनतालाई प्रविधिसँग जोड्ने दायित्व राज्यको भएकाले दूरदराजमा पनि प्रविधिको पहुँच पुऱ्याउनुपर्ने बताए। मन्त्री पौडेलले नेपालमा युवा वैज्ञानिकको उत्साह देखिएको बताउँदै उनीहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याउन नास्टलाई निर्देशन दिए।

मन्त्री पौडेलले भने, 'आजको युग विज्ञान तथा प्रविधिको युग हो, यसलाई देशका कुनाकन्दरामा रहेका जनताको पहुँचमा लैजानुपर्छ।'

नजिकैका दुई मित्र राष्ट्र चीन र भारतले प्रविधिमा फड्को मारेको उदाहरण दिँदै उहाँले नेपालले पनि उनीहरुको सिको गर्नुपर्ने बताए। मन्त्री पौडेलले अन्तर्राष्ट्रिय संस्था तथा विभिन्न मुलुकसँग समन्वय गरी नास्टले जनपक्षीय काम गर्नेपर्नेमा जोड दिए।

उनले बजेटको अभाव, कर्मचारी व्यवस्थापन, कर्मचारीको वृत्ति विकासका समस्यामा आफू जानकार रहेको बताउँदै समस्या हल गर्ने उपायसहित मन्त्रालयमा आउन निर्देशन दिए। कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री बोधकुमारी यादवले विज्ञान र प्रविधिबिना देश समृद्ध नहुने बताइन्।

नास्ट काठमाडौँमा मात्र केन्द्रित नभई ग्रामीण क्षेत्रमा पनि लैजानुपर्नेमा उनले जोड दिइन्। नास्टका उपकुलपति डा.सुनिलबाबु श्रेष्ठले सात वटै प्रदेशमा नास्टको कार्यालय स्थापनाको तयारी गरिएको जानकारी दिए। उनले विज्ञान सिटीको अवधारणाअनुसार बजेटको व्यवस्था भए त्यसलाई कार्यान्वयमा लैजाने बताए। 'नागरिकसँग नास्ट' कार्यक्रम स्थानीय तहमा चलिरहेको जानकारी दिँदै उनले परम्परागत रैथाने प्रविधिदेखि नवप्रवर्द्धन प्रविधिको क्षेत्रमा नास्टले काम गरिरहेको बताए।

## काष्ठमण्डप पुनर्निर्माणको काम अन्तिम चरणमा

**काठमाडौं/मस**–काठमाडौं/मस-विश्वसम्पदा सूचीमा सूचिकृत हनुमानढोका दरबार क्षेत्रको महत्वपूर्ण सम्पदा काष्ठमण्डप पुनर्निर्माणको काम अन्तिम चरणमा पुगेको छ। काष्ठमण्डप पुनर्निर्माण सम्पन्न भएर पेटी र काठको बार लगाउने काम भइरहेको छ।



यो काम पनि अन्तिम चरणमा रहेकाले केही दिनमा सम्पन्न गरेर लोकार्पण गर्ने तयारी गरिएको काष्ठमण्डप पुनर्निर्माण समितिले जनाएको छ। काठमाडौं महानगरपालिकाको ११ करोड ५० लाख रुपैयाँको लागतमा काष्ठमण्डप पुनर्निर्माणको काम सम्पन्न भएको समितिका अध्यक्ष राजेश शाक्यले बताए। उनका अनुसार समितिले महानगरपालिकासँग चार चरणमा गरी ११ करोड ५० लाख रुपैयाँ लिएको छ। समितिले २०७५ जेठ २९ गते ५० लाख, २०७५ असोज २७ गते पाँच करोड, २०७६ माघ ८ गते पाँच करोड र २०७७ जेठमा एक करोड लिएको छ। यही रकमबाट काष्ठमण्डपको पुनःनिर्माण सम्पन्न हुनेछ।

भूकम्पपछि पुरातत्व विभागले आर्थिक वर्ष २०७२/२०७३ मा गरेको काष्ठमण्डप पुनःनिर्माणको लागत अनुमानअनुसार रु १९ करोड ८० लाख लाग्ने प्रारम्भिक अनुमान गरिएको थियो। विभागले गरेको प्रारम्भिक अनुमानभन्दा सात करोड ५० लाख सस्तोमा समितिमार्फत् काष्ठमण्डप पुनःनिर्माण सम्पन्न भएको छ।

## १७ कारणले ...

बार एसोसिएसन बाध्य भएर संविधान र कानूनको रक्षा एवं स्वतन्त्र र सक्षम न्यायपालिकाको श्रीवृद्धि गरी नेपाली जनताको वास्तविक न्याय पाउने हकको संरक्षण एवं प्रत्याभूतीको लागि शान्तिपूर्ण आन्दोलनमा रहेको व्यहोरा प्रष्ट पार्न चाहन्छौ।

३. न्यायपालिका संविधानको संरक्षक हो। यसर्थ एउटा न्यायाधीश वा प्रधानन्यायाधीशको सपथ संविधान र कानूनको संरक्षण, सम्बर्धन र रक्षाका लागि लिएको मानिन्छ। तर, दुर्भाग्य नै भन्नुपर्छ नेपालको न्यायिक नेतृत्वको कार्यहरू एकपछि अर्को विवादास्पद, आपत्तिजनक र असंवैधानिक हुँदै गएका छन्। लोकतन्त्रमा न्यायपालिकालाई संविधानको संरक्षण र राज्यका अन्य अंगहरूमाथि शक्ति सन्तुलन कायम राख्ने महत्वपूर्ण निकायका रूपमा लिइन्छ। सक्षम एवं स्वतन्त्र न्यायालयको अभावमा सिंगो संविधान र त्यसले परिकल्पना गरेका कुनै पनि व्यवस्थाहरू यथार्थतामा कार्यात्मक र जीवन्त हुन संभव छैन। यसका लागि न्यायालय सम्पूर्ण रूपमा स्वतन्त्र, सक्षम, निष्पक्ष र जिम्मेवार हुन आवश्यक हन्छ। न्याय न्यायालयको पहिलो गुण हो। त्यसैले न्यायालयलाई न्यायको अन्तिम सहारा भनिएको हो। जसको प्राप्ती केवल सक्षम र स्वतन्त्र न्यायालयबाट मात्र संभव छ। संविधानमा अन्तरनिहित प्रस्तुत दर्शनको यथार्थ कार्यान्वयनका लागि न्यायिक नेतत्वको सक्षमता, इमान्दारिता, संवैधानिक नैतिकता र आचरण सबै भन्दा अहं हुन जान्छ। बहालवाला प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरासँग संविधान र स्वतन्त्र न्यायपालिकाले अपेक्षा गर्ने र गरेका कुनैपनि गुण र विशेषताहरू अब बाँकी रहेनन्।

४. वर्तमान प्रधानन्यायाधीश निरन्तर कार्यपालिकिय शक्तिको प्रभावमा परेको, अन्य जिम्मेवारीका अतिरिक्त नेपालको संविधानको धारा १३६ द्वारा निजलाई विश्वासकासाथ प्रदान गरेको संवैधानिक दायित्व पूरा गर्न असक्षम रहेको, न्यायालयको साख, इज्जत, प्रभावकारिता र जनआस्थालाई श्रीवृद्धि गर्ने संवैधानिक दायित्ववाट पूर्ण रूपमा बिमुख भएको तथा प्रधानन्यायाधीश राणामा न्यूनतम् पदीय जिम्मेवारी, संवैधानिक आचरण र नैतिकता एवं कार्यक्षमता समेत नदेखिएको कारणले नेपाल बार एसोसिएसन उल्लिखित पृष्ठभूमीका अतिरिक्त निम्न आरोपका साथ प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामाको माग गरी आन्दोलनरत रहेको व्यहोरा सम्बन्धित सबै समक्ष यसै धारणापत्र मार्फत् जानकारी गराउन चाहान्छौं।

४.१ न्यायपालिकाको स्वतन्त्रता, शुद्धता, निस्पक्षता र गरिमामा गम्भीर रूपले कुठाराघात हुने गरी मन्त्रिपरिषदमा भाग खोज्ने र आफ्ना मानिस नियुक्त गराउने जस्ता कार्यमा संलग्न रही कार्यपालिकासँग अनुचित सांठगांठ गरेको।

४.२ न्यायपालिकामा देखिएका विकृति, विसंगती, भ्रष्टाचार, अनियमितता निवारणका लागि आवश्यक एवं उपयुक्त सुधार र न्याय प्रशासनको प्रभावकारिता एवम स्वतन्त्र, स्वच्छ, सक्षम, निस्पक्ष न्यायपालिकाको सम्बर्द्धन र संक्षरणका लागि नेपाल बार एसोसिएसनले पटक-पटक दिएका सुझाव एवं विभिन्न मितिमा गराएको ध्यानाकर्षण समेतलाई पूर्ण रूपमा बेवास्ता गर्दै उल्लेखित विकृति, विसंगती र भ्रष्टाचारजन्य कार्यलाई निरन्तरता दिँदै आएको।

४.३ संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी अध्यादेश, राजनीतिक दल सम्बन्धी ऐन संशोधन गर्ने अध्यादेश समेतको संवैधानिकता परीक्षण गर्न दायर भएका रिट निवेदनहरू लगायतका संवैधानिक इजलासमा विचाराधिन विभिन्न मुद्दाहरूको समयमै सुनुवाइ तथा निरूपण नगरी कार्यपालिकिय शक्तिलाई रिझाउने कार्य गरेको।

४.४ संवैधानिक परिषद्को सदस्यको हैसियतमा आफू समेत संलग्न भई विभिन्न संवैधानिक अंगका पदाधिकारीहरूको नियुक्ति सम्बन्धमा परेका रिट निवेदनहरूको एक वर्ष सम्म पनि प्रारम्भिक सुनवाइ समेत नगरी न्यायमा अवरोध सृजना गरेको।

४.५ शसस्त्र प्रहरी बलका तत्कालीन बरिष्ठ अधिकृत रञ्जन कोइराला संलग्न ज्यान मद्दामा मातहत अदालतवाट भएको फैसला उल्टी गरी गैरकानूनी ढंगले कैद घटाएको विषयमा नागरिक स्तरवाट सडक प्रदर्शन भई निजलाई पदच्यूत गर्न माग भएपछि न्यायिक प्रक्रिया बमोजिम उक्त मुद्दामा पुनरावलोकनको निस्सा भई पुनः सर्वोच्च अदालतमा विचाराधीन रहेकोमा त्यस्तो संगीन अपराधसँग सम्बन्धित मुद्दाको शिघ्र सुनवाई गर्नुपर्नेमा आफैंले पटक-पटक पेसी स्थगित गरेको र विचाराधीन मुद्दालाई प्रभाव पार्ने गरी सार्वजनिक रूपमै विभिन्न मिडियामा अन्तर्वार्ता दिँदै गलत व्याख्या गर्दै त्यसको प्रतिरक्षा गरेको।

४.६ भ्रष्टाचारको अभियोग लागेका मुद्दाको छिटो छरितो सुनुवाइ गर्ने प्रयोजनका लागि अलग्गै विशेष अदालतको व्यवस्था भएकोमा उक्त अदालतमा महिनौंदेखि न्यायाधीशको पदपूर्ती गर्न अनिच्छुक रही न्याय प्रक्रियामा अवरोध सृजना गरेको र न्यायाधीश सरुवा र काजमा खटाउँदा मापदण्ड विपरित अनियमितता गरेको, डाँफे सरुवा र गैंडा सरुवा भन्ने व्यङग्यात्मक भनाइलाई स्थापित गरेको।

४.७ आफ्नो स्वार्थ सन्निहित मुद्दामा आफु संलग्न नहुने भनि संवैधानिक इजलासबाटै निर्णय गरे पश्चात पनि मुद्दाको लामो समयसम्म सुनुवाइ हुन नसक्ने वातावरण सृजना गरी संवैधानिक इजलासलाई अनिर्णयको बन्दी बनाउन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले मूख्य भूमिका निर्वाह गरी संविधानको धारा १३७ को अधिकारको नांगो रूपमा दुरूपयोग गरेको।

४.८ प्रधानन्यायाधीशको संसदीय सुनुवाई हुँदाका बखत निजले सार्वभौम संसद समक्ष गरेका प्रतिबद्धता विपरित न्यायाधीशको पदपूर्ती र उचित समयभित्र मुद्दाको फस्यौट गर्न असक्षम रही न्यायमा अवरोध सृजना गरी संविधानतः नेतृत्वको जिम्मेवारी बहन गर्न पूर्ण असक्षम सिद्ध भैसकेको।

४.९ कार्यपालिकासँग हिस्सेदारी माग गरी संवैधानिक आयोग तथा अन्य आयोगहरूमा आधार, कारण र मापदण्ड समेत निर्धारण नगरी आफ्ना परिवारका सदस्य तथा निकटका व्यक्तिहरूलाई नियुक्तिको सिफारिश गरेको।

४.१० कार्यपालिका प्रमुख र राजनीतिक दलका नेताहरूसँग अमर्यादित, असंवैधानिक एवं अस्वाभाविक भेटघाट र सम्पर्क बढाई पदीय गरिमा विपरित न्यायालयको स्वतन्त्रता र गरिमामा नै गम्भीर आँच आउने कार्य गरेको।

४.११ नेपाल बार र सर्वोच्च अदालत बार एसोसिएसन समेतको संलग्नतामा गठन भएको न्यायपालिकाको विकृति, विसंगती र भ्रष्टाचारको सम्बन्धमा अध्ययन गर्न गठित माननीय न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वको समितिको प्रतिवेदन प्राप्त भएपछि पनि सो प्रतिवेदन लागू गर्न अनिच्छुक देखिएको, सो प्रतिवेदनको विरुद्धमा विचार व्यक्त गर्दै हिँडेको र प्रतिवेदनको सुझाव अनुरूप मुद्दाको पेसी तोक्ने स्वचालित कम्प्युटर प्रणाली (अटोमेशन) लागू नहुन्जेलसम्म गोला प्रकयाद्वारा पेसी तोक्ने सम्वन्धमा माननीय न्यायाधीश मीरा खड्काको संयोजत्वमा गठित समितिले दिएको प्रतिवेदन समेत कार्यान्वयन गर्न उदासिन रहेको।

४.१२ सर्वोच्च अदालतमा साप्ताहिक तथा दैनिक मुद्दाको पेसी र न्यायाधीश तोक्दा कुनै निश्चित आधार, मापदण्ड र मान्य प्रचलन एवं अभ्यासको पालना नगरी मनोमानी र अपारदर्शी आधारमा खास खास किसिमका मद्दाहरू आफ्नो इजलासमा वा आफनो नियन्त्रणमा पर्ने गरी इजलास तोकेर न्यायापालिकालाई निरन्तर विवादमा ल्याएको।

४.१३ न्यायपरिषदको अध्यक्षको हैसियतले सबै तहका अदालतका न्यायाधीशहरूको नियुक्ति गर्दा निस्पक्ष एवं पारदर्शी रूपमा गर्नुपर्नेमा मनोमानी ढंगले आपसी भाग बण्डालाई प्रश्रय दिई नियुक्ति गरेको, नियुक्त भएका कतिपय व्यक्तिहरूको योग्यता, क्षमता र अनुभव नभएकोले त्यस्तो गैरकानुनी नियुक्तिको कानुनी र नैतिक दायित्व निज प्रधानन्यायाधीशबाट पालना नभएको।

४.१४ नेपाल बार र सर्वोच्च अदालत बार एसोसिएसन, पूर्वप्रधानन्यायाधीश तथा न्यायाधीशहरू, सिंगो आमसञ्चार, नागरिक समाज, आम नागरिक, बुद्धिजिवी र सर्वोच्च अदालतका आफ्ना सबै सहकर्मी न्यायाधीशहरू समेतले नीज पदमा रहिरहन उपयुक्त नहुने भनी अनुरोध एवं सार्वजनिक आह्वान समेत गरी रहेको अवस्थामा त्यसलाई समेत उपेक्षा गरी न्यायालयको गरिमामा अपुरणीय क्षति पुऱ्याएको।

४.१५ आफ्नै परिवारका कतिपय सदस्य र नातागोताका व्यक्तिहरू एवं आफूले नियुक्त गरेका कतिपय न्यायाधीश र पदाधिकारीहरूलाई विचौलियाको रूपमा संलग्न गराई भ्रष्टाचार र अनियमितता गरी अवैध सम्पत्ति आर्जन गर्ने गराउने कार्यमा संलग्न रहेको।

४.१६ निजले विशेष अदालत काठमाडौंमा रहँदा गरेको फैसला उपरको पुनरावेदनमा सम्मानित सर्वोच्च अदालतबाट फैसला हुँदा गरिएको न्यायिक टिप्पणीको समेत वेवास्ता गर्दै निजको नियुक्तिको सिफारिस र संसदीय सुनुवाइबाट अनुमोदन भएकोमा त्यसपश्चात पनि निजले आफ्नो पदीय जिम्मेवारीको निरन्तर दुरूपयोग गरी पद अनुकूलको आचरण नगरेको।

४.१७ न्यायपालिकाभित्रको विकृति, विसंगती र भ्रष्टाचारको अन्त्यका लागि नेपाल बार एसोसिएनको आह्वानमा भएको कानुन व्यवसायीहरूको शान्तिपूर्ण विरोध कार्यक्रमलाई हस्तक्षेप गरी दवाउन आधुनिक हतियार सहितका दंगा प्रहरी सर्वोच्च अदालतभित्र तैनाथ गरी कानुन व्यवसायीमाथि बल प्रयोग गरी गम्भीर घाइते समेत बनाएको र स्वतन्त्र न्यायपालिकाको गरिमामाथि ठूलो चोट पुऱ्याएको।

५. अन्त्यमा, नेपाल बार एसोसिएसनको आन्दोलन जनताको सर्वसुलभ न्यायको प्रत्याभूति, समग्र न्यायपालिकाको सुधार, असक्षम, अनैतिक, गैरजिम्मेवार र भ्रष्ट प्रधानन्यायाधीशको बहिर्गमन र भ्रष्टाचारको विरुद्धमा केन्द्रित रहेकोले भ्रष्ट व्यक्ति र न्यायपालिकाभित्र व्याप्त भ्रष्टाचारको विरुद्धमा संविधान र जनताको न्यायको पक्षमा उभिइ संवैधानिक दायित्व निर्वाह गर्न सबै राजनीतिक दलहरूलाई तथा नेपाल बार एसोसिएसनको यो अभियानलाई सहयोग गरी वर्तमान प्रधानन्यायाधीशको बहिर्गमन र न्यायपालिकाको सुधारको पक्षमा दृढतापूर्वक उभिन सबै बहालवाला तथा पूर्वन्यायाधीश, राष्ट्रसेवक कर्मचारी, कानून व्यवसायी, सेवाग्राही र सरोकारवालाहरू सबैलाई नेपाल बार एसोसिएसन हार्दिक आह्वान गर्दछ।

### भुल सुधार

यस मध्यान्ह राष्ट्रिय दैनिकको मिति २०७८ मंसिर ६ गते प्रकाशित वर्ष १९ अंक २६८ को पृष्ठ ७ मा मिति २०७८ मंसिर ६ गते हुनुपर्नेमा अन्यथा भएकोले भूल सुधार गरिएको छ। यसबाट सम्वन्धित सबैमा पर्न गएको असुविधा प्रति क्षमा प्रार्थी छौं। स.


**UAE मा रोजगार** | कम्पनी: SELECTIVE MANPOWER SERVICES L.L.C. शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७८/०८/०६ चलानी नं.: ६०१६८३२४ L.T. No.: 251308

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Motorcyclist | 50 | 0 | स. काममा दक्ष | 2050 | ६४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ मंसिर १४ गते (30 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Amity Global Employment Services Pvt. Ltd.**
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4390366, 4390466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com



**ROMANIA मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: UMAN CARE RECRUITING S.R.L., Romania, Bucharest

पूर्व स्वीकृत मिति: २०७८/०३/२८ चलानी नं.: ६०१६००६७ LT. No.: 242349 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Room Attendant | 10 | 10 | सम्बन्धित काममा दक्ष | 550 | ६५,१६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Worker | 50 | 10 | | 550 | ६५,१६४ | | | | | | | |
| 3. | Cook Helper | 10 | 0 | | 550 | ६५,१६४ | | | | | | | |
| 4. | Cleaner | 10 | 0 | | 550 | ६५,१६४ | | | | | | | |
| 5. | Store Keepers | 10 | 0 | | 550 | ६५,१६४ | | | | | | | |
| 6. | Cook | 10 | 0 | | 650 | ७७,०१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १४ गते (30 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**कर्म इन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.**
Lic. No.: 643/063/64
पो.ब.नं. २१८४४, ज्ञानेश्वर, काठमाडौं, नेपाल सम्पर्क नं. ४४२४१५२, ४४१२३५६
email:office@karmaemployment.com, website:www.karmaemployment.com

# महंगियो तरकारीको भाउ केहि दिन स्थिर रहने

दिपेन्द्र श्रेष्ठ/मध्यान्ह
काठमाडौं, ६ मंसिर

कालिमाटी फलफूल तथा तरकारी बजारमा तरकारीको भाउ आकासिएको छ। केहि महिना अगाडिको तुलनामा तरकारीको मुल्य सोचेको भन्दा अत्याधिक महंगो भएको व्यापारीहरु बताउँछन्। केहि तरकारी त चार सय प्रतिशतसम्म बढेको कालीमाटी फलफूल तथा तरकारी बजारका वरिष्ठ बजार संचालक अधिकृत मनोज धिताल बताउँछन्।

तरकारी बजार क्षेत्रभित्रका थोक तरकारी बिक्रेता सोनित कार्की चितवन लगायत बढी तरकारी उत्पादन हुने क्षेत्रबाट तरकारी नआएको कारण महंगो भएको बताउँछन्। पहिलेको वर्ष पनि महंगो थियो तर पहिलेको भन्दा यो वर्ष अलि महंगो भएको कार्की स्वीकार गर्दछन्। प्रायः तरकारी तराई लगायतका जिल्लाबाट आयात गरिन्छ। त्यहाँबाट आयात रोकिनासाथ पहाडतिरको तरकारी आयात गर्दा किसानलेनै महंगोमा बिक्री गर्ने भएकोले थोक बजारमा आइपुग्दा महंगोनै पर्न जाने भएकोले बजारभाउ बढेको व्यापारीहरु बताउँछन्।



विशेष गरेर तितेकरेला, काउली, मुला, भन्टा, बोडि, घिरौंला, चिचिण्डो, भिण्डी, कुरिलो आदीको भाउ बढेको छ भने त्यसको तुलनामा अन्य तरकारीको भाउ त्यति नबढेपनि पसलमा मनपरी भाउमा बेचिरहेको पाइन्छ।

थोक तरकारी गत वर्षको तुलनामा यसपटक केहि बढेको अधिकृत मनोज धिताल बताउँछन्। तर पोहरकै तुलनालाई हेर्ने हो भने केहि तरकारी दुई सय प्रतिशत भन्दा माथिनै बढेको पाइन्छ।

यसरी भाउ बढ्नुका मुख्य कारण उत्पादनसँग जोडिएको हुनाले कृषकले राम्रो मुल्य लिइरहेको उनी बताउँछन्। यसको नियन्त्रणको लागी बजार व्यवस्थापनको केहि भूमिका नरहने बताउँछन्। बरु बजार भाउमा तोकिएको भन्दा बढीमा बिक्री वितरण गरेको खण्डमा कारवाही गर्न सकिने अधिकृत धिताल बताउँछन्। उनका अनुसार अहिले कृषकहरुको खेतमा धमाधम तरकारी फलिरहेको अवस्था भएको र त्यो तरकारी बजारमा नआएसम्म बजारभाउ स्थिर रहनेछ। जब माग भन्दा बढी उत्पादन हुन थाल्छ त्यसपछि बजारभाउ ओरालो लाग्ने गर्दछ।

पहिलेको तुलनामा आयातमा दुई टन घटेको छ भने भारतबाट ४० प्रतिशत तरकारी आयात भइरहेको छ।

# भू-उपग्रहको अध्ययन गर्न चार कम्पनी छनोट

**काठमाडौं/मस**–नेपालको आफ्नै भू-उपग्रह (स्याटेलाइट) राख्न आवश्यक अध्ययनका लागि चार कम्पनी छनोट भएका छन्। अन्तरिक्षमा आफ्नै भू-उपग्रह (स्याटेलाइट) प्रक्षेपण गर्ने सरकारको नीतिअनुसार परामर्श सेवा दिन गत कात्तिकमा आठ अन्तर्राष्ट्रिय कम्पनीले प्राविधिक र आर्थिक प्रस्ताव पेस गरेका थिए। प्रस्ताव पेस गरेका सो कम्पनीमध्येबाट प्राधिकरणले चार कम्पनी छनोट भएको हो।

प्राधिकरणले फ्रान्सको युरोकन्सल्ट, टर्कीको टर्कस्याट, युएईको एसथ्री टेल इंक र थाइल्यान्डको थाइकमलाई सट लिस्टमा राखेको हो। यी चार कम्पनीले बुझाएको प्राविधिक र आर्थिक मूल्यांकनका आधारमा उत्कृष्ट एक कम्पनीलाई स्याटेलाइट प्रक्षेपणसम्बन्धी काम शुरु गर्न प्राधिकरणले अनुमति दिनेछ।

यसअघि उत्कृष्ट कम्पनी नआएको भन्दै प्राधिकरणले स्याटेलाइट जडानको प्रक्रिया नै रद्द गरेको थियो। गत वर्षको मङ्सिरमा पुरानो प्रस्ताव रद्द गरेर प्राधिकरणले भू-उपग्रह स्थापनाको नियमन तथा सुरक्षा, व्यापार र सञ्चालन मोडालिटीको नीति तय गर्न नयाँ प्रस्ताव आह्वान गरेको थियो। प्राधिकरणको प्रस्तावअनुसार गत पुसमा विभिन्न देशका नौवटा कम्पनीले आशयपत्र बुझाएका थिए। आशयपत्र पेस गरेका नौ कम्पनीमध्ये प्राधिकरणले पाँच कम्पनीलाई प्राविधिक रुपमा योग्य ठहर गर्दै आर्थिक प्रस्ताव माग गरेको थियो। गत वर्ष अयोग्य भएको फालिएका फ्रान्सको युरो कन्सल्ट र युएईको एसथ्री टेल इंक पुनः छनोटमा परेका छन्। गत वर्ष दुई कम्पनीसहित अन्य चार कम्पनीले पठाएको आर्थिक प्रस्ताव अयोग्य भएको भन्दै प्राधिकरणले स्याटेलाइट जडानको प्रक्रिया नै रद्द गरेको थियो। प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले छनोटमा परेका चार कम्पनीसँग पहिलो चरणमा प्राविधिक र वित्तीय प्रस्तावको माग गरिने बताए। उनका अनुसार सो कम्पनीबाट आएको प्रस्तावको अध्ययन गरी प्राधिकरणले भू-उपग्रह स्थापनासम्बन्धी आधार भूत कामहरूको जिम्मा एक कम्पनीलाई दिनेछ।

# कपिलवस्तुमा हैजाविरुद्धको खोप अभियान

केही महिना अगाडि कपिलवस्तुका विभिन्न स्थानमा हैजा फैलिएपछि उक्त रोगको रोकथामका लागि हैजाविरुद्धको खोप अभियान आइतबारबाट शुरु गरिएको छ। स्वास्थ्य कार्यालय कपिलवस्तुद्वारा यशोधरा गाउँपालिकाको आधार भूत अस्पताल बैदौलीमा आयोजित कार्यक्रममा लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री ईन्द्रजित चौधरीले खोप कार्यक्रमको उद्घाटन गरे।

सो अवसरमा यशोधरा गाउँपालिकाका अध्यक्ष गिरीजेश कुमार पाण्डेयलाई हैजाविरुद्धको खोप दिएर शुभारम्भ गरे। यशोधरा गाउँपालिकामा आइतबारदेखि मंसिर १० गतेसम्म खोप अभियान संचालन हुनेछ। कपिलवस्तुमा फैलिएको हैजालाई नियन्त्रण गर्न जिल्लामा वृहत् अभियान संचालन गरिने भएको छ। जिल्लाका हैजा प्रभावित ५ पालिकामा हैजाविरुद्धको ओरल कलोरा भ्याक्सिन दिइने भएको हो। स्वास्थ्य कार्यालयका प्रमुख प्रमुख हेमराज पाण्डेयले हैजाबाट सुरक्षित हुन र संभावित मृत्युलाई रोक्न जिल्लाको यशोधरा गाउँपालिकाबाट भ्याक्सिन लागउने कार्यको थालनी गरिएको बताए। यशोधरा गाउँपालिका लाई ३७ हजार ७८३ जनालाई खोप लागइने छ।

सो अवसरमा मन्त्री चौधरीले अभियानलाई सफल बनाउनु पर्ने बताए। उनले पालिकाहरुले सरसफाईहरुमा विशेष ध्यान दिन आग्रह गरे। गाउँपालिका अध्यक्ष पाण्डेयले आफनो पालिकामा हैजा फैलिएरकोमा दुःख ब्यक्त गर्दै खोप अभियानलाई सफल बनाउने बताए। अन्य ४ पालिकाहरु कृष्णगनर, महाराजगंज, शिवजराज नगरपालिका र बिजयनगर गाउँपालिकामा आउने मंसिर ७ देखि १२ गतेसम्म खोप अभियान संचालन हुनेछ।

जिल्लाका ५ पालिकामा खोप लागउनका लागि २ लाख ५२ हजार ३६३ कलोरा खोप आएको स्वास्थय कार्यालकया प्रमुख हेमराज पाण्डेयले



**कपिलवस्तु डायरी**
**इमरान खान/मध्यान्ह**

मध्यान्हलाई बताए। कृष्णनगर नगरपालिकाकालाई ६० हजार ७४३, महारागंज नगरपालिकालाई ५३ हजार १५६, शिवराज नगरपालिकालाई ६४ हजार ७४८, विजयनगर गाउँपालिकालाई ३५ हजार ९०३ खोप दिइने छ।

खोप विश्व स्वास्थ्य संगठन हुँदै संयुक्त राष्ट्रसंघीय बालकोष (यूनिसेफ) मार्फत् नेपाल आएको हो। ओरल कोलेरा भ्याक्सिन मुखबाट थोपा राखेर दिइन्छ। सोनाफी हेल्थकेयर प्रालि भारतबाट उत्पादित सो खोप प्रति ब्यक्ति ढेड एम एलका दरले दिइने गरिन्छ। १४ औं र २८ औं दिनमा गरी खोप २ पटक दिनुपर्छ। अभियानमा १ सय ६८ खोपकर्ता, ३ सय ४८ स्वयमसेवक र ५ सय ३५ महिला स्वयमेविका परिचलन हुनेछन्। कृष्णनगर र विजयनगरका ९ जनाको दिशामा हैजाको जिवाणु फेला परेको थियो। यशोधराका एक जनामा पनि हैंजाको जिवाणु फेला परेको थियो। सरसरफाईको अवस्था कमजोर हुँदा कृष्णनगर नगरपालिकाबाट शुरु भएको झाडापखालाले कृष्णनगरका ४, शिवराज नगरपालिकाका एक र यशोधरा गाउपालिकाका एक गरी ६ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालय कपिलवस्तुले जनाएको छ। खोप अभियान सफल पार्न स्वास्थ्य कार्यालय, युनिसेफ र विभिन्न संस्थाहरु मिलेर समुदायमा परिचालन भएका छन्।

# माओवादी वडा सम्मेलन : कृष्णनगरमा युवाको लहर

नेकपा माओवादी केन्द्रले मंसिर ४ गते शनिबार नेपाल भरी नै वडा सम्मेलन गरेको छ। कपिलवस्तु जिल्लाको पश्चिम दक्षिणमा पर्ने कृष्णानगर नगरपालिका को वडा सम्मेलनमा माओवादी केन्द्रमा मधेसी, मुस्लिम समुदायहरूको जनलहर देखिएको छ।कृष्णानगर नगरपालिका मधेशी बहुल्य क्षेत्र भएता पनि कृष्णानगरमा माओवादी केन्द्र पहिलो शक्तिशाली पार्टीको रुपमा उभिएको छ। नेकपा माओवादी केन्द्रका लुम्बिनी प्रदेश समिति सचिवालय सदस्य रुद्र लाल बन्जाडे, कपिलवस्तु जिल्ला समितीका सल्लाहकार थानेश्वर खनाल, नगर अध्यक्ष जावेद आलम खां, इन्चार्ज केशर ओलीको प्रमुख अतिथ्यता, विशेष अतिथि तथा निर्वाचन प्रमुखहरुको उपस्थितीमा कृष्णानगर नगरपालिकाका ८ वटा वडामा वडा सम्मेलन सम्पन्न गरिएको छ। समाजवादको यात्रा पुरा गर्न जनताको तह देखि नै परिवर्तन जरुरी रहेको भन्दै माओवादीले त्यसका लागि नयाँ क्रान्तिकारी विचार र नयाँ क्रान्तिकारी पार्टी निर्माण गरौ भन्नै नारा समेत तय गरेको छ। सचिवालय सदस्य रुद्रलाल बन्जाडेले आगामी चुनावमा कृष्णानगरमा नेकपा माओवादी केन्द्रले आफ्नो वर्चश्व देखाउने बताउँदै आफुहरुको पक्षमा मधेशी जनताको अपार माया रहेको भन्दै सच्चा कम्युनिष्ट पार्टी माओवादी केन्द्र नै भएकाले सबैलाई गोलबद्ध भएर लाग्ने आग्रह गरे।

उक्त कार्यक्रममा प्रवक्ता मौलाना मशहुद खाँ नेपालीले माओवादी केन्द्रले मधेशको चौतर्फी क्षेत्रमा विकास गर्न चाहेको बताउँदै केही अवसरवादी र पुँजीवादीको नेतृत्वले गर्दा मधेशमा विकासले फड्को मार्न नसकेको दाबी गरे। कृष्णनगर नगरपालिकाभित्र माओवादी केन्द्रले ३ वटा वडामा जित हासिल गरेको थियो ति वडाहरुलाई अवसरवादीहरुसँग बचाएर जनताले माओवादी केन्द्रलाई दिएको थियो। नेपालीले केही नेताले मधेशको विकास गर्ने भन्दै झुठो आश्वासन बाँड्दै, जनतालाई झुक्याएर मत लिई विजयपश्चात विकासको नाममा सिन्को नभाँचेको बताउँदै वडा सम्मेलन भव्य र सफल बनाउनको लागि आएका सबैलाई धन्यवाद व्यक्त गरे। इन्चार्ज केशर ओलीले माओवादी केन्द्रले सदस्य नवीकरण वडा सम्मेलन देखि केन्द्रीय अधिवेशन सम्माको लागि तयार गरेको नयाँ नीति नियम तथा अनलाइन नवीकरण प्रणाली प्रशंसनीय रहेको बताए। तर कृष्णानगरमा प्राविधीक समस्या र कम समय रहेका कारण सोचेको जति सदस्यता नवीकरण हुन नसकेको उनले बताए। कृष्णनगरमा दुई हजार भन्दा बढी सदस्य ल्याउने तयारी रहेको र अहिले पनि सात सय भन्दा बढी सदस्यहरुको आवेदन फारम आनलाइन गर्दा छुटेको बताउँदै उनले वडा सम्मेलन भव्य सभ्यरुपमा सफल गर्नाको लागि खटेका नेता कार्यकर्तालाई व्यक्त गरे।


## Invitation of Electronic Bids

## Urlabari Municipality
### Office of Municipal Executive
Urlabari, Morang
Province no. 1, Nepal

**Date of Publication: 2078/08/07( 23rd of November 2021)**

1. The Urlabari Municipality office,invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-Truss Roof-Bldng-W-NCB-05-078/79 | Construction of Additional Storeys of Truss Roof Building of Muinicipal Offfice, Urlabari Morang “ | 24,45,760 .00/- | 61,150.00 /- | 3000.00 |

Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.

3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Acting ChiefAdministrative Officer**



## कतारमा रोजगार | कम्पनी: ISMAIL BIN ALI FURNITURE FACTORIES
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०८/०६ चलानी नं.: ६०१६८३५५ L.T. No.: 250924

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Instal Technician | 10 | 0 | | 1200 | ३९,०१२ | | | | | | | |
| 3. | Decoration Tech. | 5 | 0 | | 1200 | ३९,०१२ | | | | | | | |
| 4. | Decor Wood Worker | 5 | 0 | | 1200 | ३९,०१२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १४ गते (30 November 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Rightway Enterprises Pvt. Ltd.**
Govt.Lic.No.: 517/061/062
Aaloknagar Minbhawan-31 Kathmandu, Nepal
Tel : 01-4106275, 4106276
Mob: 9823859301, 9851152281



## कतारमा रोजगार | कम्पनी: REAL FACILITIES MANAGEMENT
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०८/०६ चलानी नं.: ६०१६८३६१ LT. No.: 251576

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gypsum Technician | 2 | 0 | | 1100 | ३५,५८५ | | | | | | | |
| 3. | Painter | 2 | 0 | | 1100 | ३५,५८५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ मंसिर १४ गते (30 November 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Indo Arab Manpower Pvt. Ltd.** (Skyking Placement (P.) Ltd.)
Gov. Lic no: 764/065/066
Jawalakhel-20, Lalitpur, Tel:5439268, 5439269, Fax: 5539259
9801023474, Email: ktmskyking@gmail.com, Web: www.indoarabnepal.com



## कतारमा रोजगार | कम्पनी: HENNYS RESTAURANT
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०८/०५ चलानी नं.: ६०१६८१९८ LT. No.: 250898

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | waiter | 0 | 1 | | 1400 | ४५,२९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १४ गते (30 November 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**Target H.R. Solution Pvt. Ltd.**
इजाजत पत्र नं. १३९७/०७४/०७५
Sinamangal-09, Kathmandu, Tel : 01-4116605 | P.O. Box: 3040
E-mail: targethrs2018@gmail.com | Web: Www.targethrs.com



## साउदी र युएईमा रोजगार | १. कम्पनी : L AND T HYDROCARBON SAUDI COMPANY
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/०६ चलानी नं.: ६०१६८३५४ LT. No.: 251458

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 35 | 0 | स. काममा दक्ष | 1000 | ३१,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : TAMAYAZ EMPLOYMENT SERVICES LLC शहर: ABU DHABI

पूर्व स्वीकृत मितिः २०७८/०८/०६ चलानी नं.: ६०१६८३५३ LT. No.: 251540

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stone Mason | 40 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter Assistant | 30 | 0 | | 900 | २९,०३४ | | | | | | | |
| 3. | Construction Carpenter | 15 | 0 | | 900 | २९,०३४ | | | | | | | |
| 4. | Labour | 15 | 0 | | 800 | २५,८०८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर १४ गते (30 Nov. 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदी को रु. १०,०००/- युएई को निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Sufi International Services Pvt. Ltd.**
Gov. Lic. No. 796/065/066
Sinamangal-9, Manpower Bazaar, Kathmandu, Nepal, Tel No.: +977-1-4469691, 4469692
E-mail: sufiinternationalservice@gmail.com , sufiintlpvt796@gmail.com

## सम्पादकीय

# झिनो आशा

नेपाली काँग्रेसको केन्द्रीय महाधिवेशन प्रतिनिधि चयन प्रक्रिया जारी छ । गएको १८ भदौदेखि वडा अधिवेशन शुरू गरेको काँग्रेसको २४–२६ पुसमा हुने महाधिवेशनका लागि प्रतिनिधि चयन भइरहेका छन् । प्रतिनिधि चयन पछि जिल्ला नेतृत्व र प्रदेश नेतृत्व चयनको प्रक्रिया बाँकी रहन्छ । अर्थात् महाधिवेशन प्रतिनिधि चयन महाधिवेशनको बीचको अवधि हो । यसअघि वडा, पालिका र प्रदेश क्षेत्रीय प्रतिनिधिको निर्वाचन भएको छ । यी सवै निर्वाचनहरूमा काँग्रेस नेतृत्व युवाले लिएको छिटफुट खबर सार्वजनिक भइरहेका छन् । युवाले नेतृत्व लिएको र महाधिवेशन प्रतिनिधि चयन भएको खबर समाचारको विषय बन्नुले यो संख्या सानो छ भन्ने संकेत गर्छ । यदि युवा पंक्ति नेतृत्वमा आउनु र केन्द्रीय प्रतिनिधि चयन हुन आम विषय बन्थ्यो भने समाचारको विषय नै बन्ने थिएन ।

अर्थात् राष्ट्रिय राजनीतिमा युवा शक्ति निर्णायक छैनन् । जबकी आर्थिक–उमेर भनिने युवा पंक्ति मुलुक भरथेगको समेत मेरूदण्ड हो । आश्रित जनसंख्यालाई औसतमा उठाउने योगदान पनि युवाबाटै हुन्छ । तर राजनीतिक प्रवृत्ति भने त्यस्तो छैन । मुलुकको नेतृत्व अहिले पनि बृद्ध वा प्रौढ उमेर समूहकै नेताहरूले गरिरहेका छन् । अझ पार्टी नेतृत्व परिवर्तन र उमेर समूह उदेकलाग्दो छ । अहिलेका प्रमुख राजनीतिक दलहरू काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा) लगायतको नेतृत्वमा बृद्ध नेताहरू छन् । माओवादी केन्द्र र जसपामा त स्थापना देखि नै एउटै व्यक्ति छन् । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड ३४ र जसपाका अध्यक्ष उपेन्द्र यादव १४ वर्षदेखि नेतृत्वमा छन् ।

एमालेमा केपी शर्मा ओली र काँग्रेसमा शेरबहादुर देउवा फेरि पनि नेतृत्वमा दोहोरिने तयारीमा छन् । अर्थात् एकपटक नेतृत्वमा पुगेपछि सधैंभरी नेतृत्वमा रहने प्रवृत्तिले राजनीतिप्रति आकर्षण देखिएको छैन । बरू नेतृत्वमा पुग्नकै लागि पार्टी विभाजनलाई बल पुऱ्याउने गरिएको छ । यस्तो प्रवृत्ति प्रचलित रहेका बेला काँग्रेस, एमाले, माओवादी केन्द्रहरूको मातहत कमिटीमा युवाले नेतृत्व लिनु सकारात्मक सन्देश हो । तर यो सन्देश आफैमा पूर्ण होइन, झिनो आशा हो । जबसम्म समाजको निर्णायक शक्ति नेतृत्वमा पुग्दैन, तबसम्म सामाजिक विकास अगाडि बढ्न सक्दैन ।

# न्यायालयभित्रको आन्दोलनले उठाएका प्रश्न

अदालतमा आन्दोलनको परिस्थिति निर्माण हुनुको पछाडि प्रधानन्यायाधीश राणाको आचरणगत कमजोरी र क्षमतागत् समस्या त छँदैछन त्यसको अलवा नेपालको संविधान र संविधानले निर्माण गरेका संरचनाहरु पनि त्यत्तिकै दोषी र जिम्वेवार देखिन्छन् ।



● डा. शिवराज पण्डित

महिना दिनदेखि सर्वोच्च अदालत अस्थव्यस्त छ । प्रधानन्याधीश चोलेन्द्र शमशेर राणाको राजिनामाको माग राखी नेपाल बार एशोसिएशन चरणबद्ध आन्दोलनमा छ । प्रधानन्याधीशका समकक्षी तथा सहयात्री १९ जना न्यायाधीशहरु पनि प्रधानन्यायाधीशको विरुद्धमा उभिएका छन् । कानुन व्यवसायी र न्यायाधीश मात्रै नभई सर्वोच्च प्रशासनमा कार्यरत कर्मचारीहरु पनि यो आन्दोलनमा एकमत छन् । न्यायालय इतर बृहत नागरिक आन्दोलन, त्रिभुवन विश्वविद्यालयका पूर्व कुलपति, प्राध्यापक, स्वतन्त्र बुद्धिजीवीहरु र एमनेष्टी इन्टरनेशनललगायतका अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाहरुले नेपाल बारको आन्दोलन प्रति ऐक्यवद्धता प्रकट गर्दै अदालतभित्रको विसंगति र विकृतिको स्वतन्त्र छानविन हुनु पर्ने बताएका छन् । छोटो समयमै प्रधानन्यायाधीशविरुद्धको आन्दोलनले विश्वव्यापी रुप लिएको छ । एमनेष्टीलगायतका मानवअधिकारवादी र कानुन सम्बद्ध संस्थाहरुले विज्ञप्ती निकालेको परिप्रेक्ष्यमा प्रधानन्याधीशविरुद्धको आन्दोलन अब राष्ट्रको मात्र चासो र चिन्ताको विषय बनेन्, यो आन्दोलनप्रति अन्तराष्ट्रिय समुदायको समेत चासो प्रकट भएको छ ।



आन्दोलनले उचाई लिइरहँदा सत्तारुढ र प्रतिपक्ष दलका नेताहरुले भने निकै गैर जिम्मेवारपूर्ण रुपमा आन्दोलनप्रति अभिव्यक्ति दिएका छन् । उनीहरु आन्दोलन अदालतभित्रको आन्तरिक विषय भएको भन्दै सत्तारुढ दल र प्रतिपक्ष दल सम्वद्ध नेताहरु पन्छिरहेका छन् । यहाँ प्रश्न उठेको छ, के न्यायालय न्यायाधीश र कानुन व्यवसायीहरुको मात्र संस्था हो ? न्यायालयभित्र सिर्जित समस्या समग्र राज्यको समस्या होइन ? शीर्ष नेताहरुको मौनता र गैरजिम्वेवारपूर्ण अभिव्यक्तिभित्र स्वार्थ लुकेको त होइन् भन्ने प्रश्न उब्जीन्छ । आन्दोलनलाई यसरी नै वेवास्ता गरिरहे चोलेन्द्र शमशेर लक्षित आन्दोलन शीर्ष नेतृत्वविरुद्ध लक्षित हुन्न भन्न सकिन्न ।

अदालतमा आन्दोलनको परिस्थिति निर्माण हुनुको पछाडि प्रधानन्यायाधीश राणाको आचरणगत कमजोरी र क्षमतागत् समस्या त छँदैछन त्यसको अलवा नेपालको संविधान र संविधानले निर्माण गरेका संरचनाहरु पनि त्यत्तिकै दोषी र जिम्वेवार देखिन्छन् । विगतमा प्रधानन्यायाधीशको भूमिकाको विषयमा मूलतः संवैधानिक इजलासको गठन र संवैधानिक परिषदमा सहभागिताको विषयले बढी चर्चा पाएको थियो । नेपालको संविधानको धारा १३७ मा संवैधानिक इजलासको गठन गर्दा प्रधानन्याधीश र न्यायपरिषदको सिफारिसमा प्रधान्याधीशले तोकेका अन्य चार जना न्यायाधीशहरु रहनेछन् भन्ने व्यवस्था छ । यसमा प्रधानन्याधीशलाई स्वविवेक प्रयोग गरी चारजना स.अ.का अन्य न्यायाधीशहरुलाई संवैधानिक इजलासका लागि नियुक्त गर्न सक्ने व्यवस्था गरिएको छ । प्रधानन्याधीशले संवैधानिक इजलासका लागि न्यायाधीश छनोट गर्दा कस्ता न्यायाधीशहरु नियुक्त गर्न सक्दछन् भन्ने स्पष्ट व्याख्या र व्यवस्था देखिदैन । यो विषयमा प्रधानन्याधीशले स्वविवेक प्रयोग गर्दा उनी विवादमा परे ।

प्रधानन्यायाधीशविरुद्ध सर्वोच्चकै न्यायाधीशहरु आन्दोलनमा उत्रिएका छन् । यो घटना नेपालको न्यायिक इतिहासमै नौलो भएपनि यसले समग्र न्यायालयलाई पुनर्संरचना र तथा शुद्धिकरण गर्ने कार्यका लागि योगदान तथा कोशेढुङ्गा सावित हुने देखिन्छ ।

त्यस्तै संवैधानिक परिषदसम्बन्धि व्यवस्थाले पनि प्रधान्याधीशलाई विवादमा तानिरहेको देखिन्छ । संविधानको धारा २८४ मा प्रधान्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरुको नियुक्तिको सिफारिस गर्न प्रधानमन्त्रीको अध्यक्षतामा गठन हुने संवैधानिक परिषदमा प्रधानन्याधीश पदेन सदस्य रहने व्यवस्था छ । पूर्ववर्ति ओली सरकारको पालामा अध्यादेशका आधारमा सिफारिस भै नियुक्त भएका अख्तियार, निर्वाचन आयोगसमेतका ५२ जना पदाधिकारीहरु विरुद्धमा सर्वोच्च अदालतमा मुद्दा परेको छ । आफूसमेत संलग्न भै भएको सिफारिस उपरको रिट निवेदनले पनि प्रधानन्याधीशको भूमिकालाई विवादमा पारेको देखिन्छ । प्रतिनिधिमुलक यी दुई संवैधानिक व्यवस्था तथा संवैधानिक संरचनाले प्रधानन्याधीशको भूमिकामाथि प्रश्न उठाउने पृष्ठभूमि बनाएको छ ।

संविधान जारी गर्दा दलका नेताहरुलाई संविधानमा के-कस्तो व्यवस्था राख्ने भन्दा पनि (राष्ट्रपति, सभामुख, प्रधानमन्त्री आदि कसको बन्ने भन्ने चिन्ताले पिरोलेको थियो । नेताहरुको ध्यान सत्ता र शक्ति तर्फ केन्द्रीत हुँदा नै संविधान जनभावनाअनुरुप निर्माण हुन सकेन । जनयुद्ध र जनआन्दोलनको भावना राज्यका सबै अंग र निकायहरुको पुनर्संरचना गर्ने भन्ने थियो । तर,संविधानमा भूगोलको आधारमा राज्यको उपरिसंरचनालाई मात्र परिवर्तन गरियो । राज्यका मूख्य अंगहरु न्यायपालिका, कर्मचारीतन्त्र सेना, प्रहरी जो राज्य व्यवस्था वा जनताको सेवा प्रवाहसँग प्रत्यक्ष जोडिएका निकाय वा संस्थाहरु थिए, तिनको पुनर्संरचना हुन सकेन । बरु यी संरचनाहरुलाई सत्ताको नेतृत्व गर्ने पार्टीहरुले आफ्नो स्वार्थ अनुकुल हुने खालको बनाए । जसको कारण ती संरुचनाहरुमा राजनीतिको प्रत्यक्ष प्रभाव र दवाव प्रभाव बढ्दै गयो । राजनीतिको प्रत्यक्ष दबाब, प्रभाव र प्रलोभनको कारण नै अहिले न्यायालयमा समस्या देखिएको हो ।

व्यवस्थालाई जनअपेक्षा अनुरुप संचालन गर्न आवश्यक छ । त्यो भनेको राज्यका हरेक अंगहरुको पुनर्संरचना र रुपान्तरण हो । यो प्रक्रियाबाट मात्र संघीय गणतन्त्रलाई संस्थागत गर्न सकिन्छ । देशका प्रमुख पार्टी र सम्वद्ध नेताहरुले साझा धारणा निर्माण गरी राष्ट्र र राष्ट्रियतालाई शीर्ष स्थानमा राखी नेपालको संविधान र संविधानअन्तर्गत निर्माण भएका सम्पूर्ण संरचनाहरुको पुनरावलोकन र पुनर्संरचना गर्नुपर्ने हुन्छ । यो कार्य गर्न ढिलो भैसकेको छ । अहिले विवाद सर्वोच्च अदालतमा देखिएको छ र समयमै राज्यका अन्य अंगहरुमा सुधार या पुनर्संरचना गरिएन भने राज्यका अन्य अंगहरुमा पनि यस्तै विवादहरु आउन आउन सक्दछन् । तसर्थ समयमै दलहरुले समयमै सोच्नु जरुरी छ ।

प्रधानन्यायाधीशविरुद्व सर्वोच्चकै न्यायाधीशहरु आन्दोलनमा उत्रिएका छन् । यो घटना नेपालको न्यायिक इतिहासमै नौलो भएपनि यसले समग्र न्यायालयलाई पुनर्संरचना र तथा शुद्धिकरण गर्ने कार्यका लागि योगदान तथा कोशेढुङ्गा सावित हुने देखिन्छ । अब हरेक सच्चा राष्ट्रसेवक कर्मचारी, प्रहरी प्रशासन र सेनामा आबद्ध सबैले यस प्रकारको आन्दोलन या शुद्धिकरणका लागि सोच्ने वा आत्मसमिक्षा गर्ने बेला आएको छ ।

न्यायालयमा उठेको आन्दोलनप्रति विभिन्न टिका टिप्पणीहरु भइरहेका छन् । यो आन्दोलनले न्यायालयलाई कमजोर बनाउछ भन्ने पनि तर्क छ । हरेक संस्थाहरुको जीवन यथास्थितिमा लामो सयमसम्म टिक्न सक्दैन । संस्थालाई जीवन्त र गतिशील बनाउन हरेक संस्थाहरु समयानुसार पुनर्संरचना हुनु आवश्यक हुन्छ । सत्ता नेतृत्व विवेकशील भै समयानुकुल राज्यका अंहरुमा पुनर्संरचना गर्दै लगेमा जनदवावको आवश्यकता नहुन सक्दछ । तर सत्ता नेतृत्व अदुदर्शी र अविवेकी भएमा दबाब वा आन्दोलनको आवश्यकता पर्दछ । प्रधानन्याधीशविरुद्धको आन्दोलन पनि त्यसकै परिणाम हो । न्यायालयमा उठेको आन्दोलन राज्यका अन्य अंगहरुको पुनर्संरचनाका लागि सम्बद्ध निकाय वा पक्षका लागि मार्गदर्शक वा प्रेरणादायी हुन सक्ने सम्भावना छ ।


*(लेखक डा. पण्डित नेपाल बार एशोसिएशनका केन्द्रीय सदस्य हुन ।)*

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

बारको उत्ताउलो आन्दोलन अनुचित ! दलिय सम्बद्धताका आधारमा बारको चुनाव हुन्छ । यदि प्रमले या प्रतिपक्षले भनेअनुसार प्रन्याले नमान्दा 'बार लगाईदिम्ला है श्रीमान्' भनेर धम्कि दिन मिल्ने अवस्था नआओस् ! नोटः प्रन्याले राजिनामा गर्नु उचित । अन्यथा संसदले महाअभियोग लगाउनु उचित ।




**- रोशन खड्का**

हाम्रो वैद्यखानालाई प्रवर्दन नगर्ने, त्यसलाई जग्गा र स्रोत–साधन नदिने । तर, एकजना भारतीय जोगिको मल्टीनेशनल कम्पनीलाई सित्तैमा जग्गा दिने । त्यसको प्रचार प्रसारमा लामबद्व हुने । शेरबहादुर, प्रचण्ड र माधवकुमारलाई के भन्ने ?



**- प्रेम जि मगर**

भारतीय जनता पार्टीले हिन्दु राष्ट्रको पक्षपोषण गरिरहेको छ । यस मानेमा रामदेव भाजपा र नरेन्द्र मोदीको प्रिय हुनु स्वभाविक नै हो । परमादेशबाट प्रधानमन्त्री बनेका शेरबहादुर देउवालाई भारतले अहिलेसम्म शुभकामना दिएको छैन । टिभी च्यानलको उद्घाटन गरेर भारतलाई खुशी पार्ने देउवाको कदम मात्र हो ।



**- दिपेन्द्र बिष्ट**

भीम रावल यतिखेर ओलीका कडा प्रतिस्पर्धी हुन्थे होलान् तर, माधव नेपालको पुच्छर बनी देउवालाई काधमा बोकि कुदेपछि उनी घरको न घाटको भएका हुन् । नेता गलत हुन्छन् तर, त्यो रिसले पार्टी र कार्यकर्तालाई गालि गर्न हुँदैन । यसले भोलि आफैलाई नोक्सान गर्नेछ भन्ने उदाहरण तिनै रावल भएका छन् ।



**- निर्मल प्रसाईं**

भ्रष्टाचारी, अपहरणकारी र दुराचारीहरू राष्ट्रिय पार्टीबाट सचिव, उपसचिव र महासचिवमा दाबेदारी दिने घोषणा गर्दैछन् । माथिको आशिर्वाद पाएका उनीहरूले सहजै जित्ने अनुमान पनि गर्न सकिन्छ । यसले अगाडिको सामाजिक दृश्य झन कहालीलाग्दो बनाउने सम्भावना छ ।

## टिप्पणी



● मोदनाथ मरहट्टा

# पुरस्कारको ओज !

पुरस्कार वा मान सम्मान अस्वीकार गरिएका खबरहरु पनि हामीले पढेका छौं, सुनेका छौं । पुरस्कारको उद्देश्य, निर्णय प्रकृया वा अन्य केही अल्झनाले पनि पुरस्कार अस्वीकार गरिन्छन् । यस्ता घटनाले पुरस्कारको ओझ घटाउँछ ।

प्रतिभाहरु विभिन्न क्षेत्रमा हुन्छन् । विभिन्न विधा वा कार्य क्षमताका आधारमा पुरस्कृत हुने प्रतिभाहरुको मान सम्मानले परिवार आफन्त समाज र राष्ट्रको नै इज्जत बढ्छ । हामी विद्यालयमा पढ्दा विभिन्न प्रतियोगिताहरु हुन्थे । विद्यालयको हैसियतअनुसार सिसाकलम र कापी पुरस्कार दिन्थे । पुरस्कार लिने विद्यार्थी खुशी हुनु स्वभाविक हुन्थ्यो र उसमा फेरि पनि पुरस्कार लिने प्रतिस्पर्धाको भावनाको विकाश भएको हुन्थ्यो । केटाकेटी अवस्थामा मलाई पनि त्यस्तै भएको छ । कक्षा दुईबाट द्वितीय भइ कक्षा तीनमा उक्लँदा एउटा सोहु पनि हात्ती छाप कापी पाएको थिएँ । अर्को वर्ष भदौको मध्यतिर एक दिन गुरुहरुले 'लौं भोलि कविता लेखेर ल्याओ' भनेर उर्दी दिनु भयो । सायद मभित्रको अवचेतन कविले केही सोच्यो र बेलुका निकै प्रयास पछि 'किसानको पीर' शीर्षकमा गीत लेखेर समूहका वाचन गरेँ । संयोगवश त्यो गीत प्रथम भएछ मैँले फेरि पुरस्कार पाएँ । मलाई त्यो कापी यति थिएन प्यारो भयो कि त्यसमा लेख्ने आँट गरिन । झिक्थें, मुसार्थें र थन्क्याउथें ।

गएको चैत्रमा हामी केही कवि लेखकहरु वारपाक सुलिकोट जाँदै थियौं । हाम्रै टोलिका एकजना कवि मित्रले हाँसि मजाकमा भने म ५-७ लाख नगद जम्मा गर्छु र एउटा उपन्यास लेख्छु अनि तीन लाख अमुक संस्थालाई दिन्छु र पुरस्कृत हुन्छु । उनको यो आशय मदन पुरस्कार तिर लक्षित थियो । उनको यस्तो तर्क सुनेका हामी केही साथिहरु मौन रह्यौं । उनको यस भनाइले मलाई अहिले पनि घोच्छ के साँच्चै पुरस्कार दिने संथामा यस्तो चलखेल हुन्छ ? र केही परस्कार दिने संघ सँस्थाहरु पनि शंकाको घेरामा छन् भन्ने व्यहोरा सतहमा आएका छन् । माथि विषयको उठान गर्ने महाशयले कतै छेउ टुप्पो भेटेर प्रसङ्ग उप्काएका पो हुन् कि ?

पुरस्कार वा सम्मान कुनै पनि प्रतिभाको कदर गरेर दिइने आभुषण हो । यस्तोमा केही संस्था वा प्रतिष्ठानहरु कृयाशिल छन् धेरै कवि प्रतिभाहरु सम्मानित भएका पनि छन् तर कुनै कतैबाट विवादको स्वर पनि सुनिएको छ । पुरस्कारबाट वा सम्मानले व्यक्तिको प्रतिभा उज्जर हुन्छ भन्ने मान्यता राखिएको हुन्छ तर सबै जसोका ठूला भनिएका पुरस्करले व्यक्तिको सिर्जन क्षमतामा अंकुश लगाउने वा लेख्य चेत भुत्ते बनाउने उद्देश्यका पनि देखिएका छन् । जीवनभर जनताको चेतना निर्माण लागेका केही लेखकहरु पुरस्कार वा सम्मान बुझेपछि मौन रहेका पात्रहरु पनि छन् । यस्ता पुरस्कार प्रोत्साहन नभएर विषालु बन्ने रहेछ भनेर बुझ्दा अन्यथा हुँदैन । हाम्रो राज्य व्यवस्था भित्र यस्तो जहरपूर्ण मान पुरस्कार हुनु आम प्रतिभाहरुका लागि क्षोभको विषय हो । प्रतिभाहरु राष्ट्रका गहना हुन उनीहरुको संरक्षण, विकाशमा राज्यको दायित्व पनि जोडिएको हुनु पर्छ तर हामीले भोगिरहेको राज्य व्यवस्था भने उदार चरित्रको छैन ।

हुन त राज्यले साहित्य, कला, गीत, खेल, शैक्षिक, प्रशासनिक र सामाजिक क्षेत्रका कतिपय व्यक्ति वा पात्रलाई पुरस्कृत गर्ने पनि गरेको छ खेल जगत बाहेक अन्य क्षेत्रमा राम्राभन्दा पनि हाम्राको बढी कदर गर्ने गर्दछ । मुलुकको सरकारको स्वरुप र चरित्र हेरेर मान पदक वा सम्मान पुरस्कार वितरण गर्दा चाकरी वा भनसुनको प्रयोग बढी भएको देखिन्छ । यसका पछाडि केही कारणहरु देखिएका छन् । जुन कुनै मुलुकको राज्य व्यवस्था अनुदार छ त्यहाँको सरकार आलोचना वा विरोध सुन्ने धैर्य राख्दैन वरु आलोचक वा विरोधी ठानिएका प्रतिभाको विरुद्ध आफ्नै भाटहरुको भीड निर्माण गर्छ । आलोचक वा प्रतिधर्मी कित्ताका प्रतिभाहरुप्रति उदासिन रहन्छ ।

पुरस्कार तथा मान सम्मानमा एँचो पैँचो प्रचलन पनि मौलाएको देखिन्छ । यस्तो प्रचलन कला साहित्यको क्षेत्रमा बढी देखिन्छ । कुनै व्यक्ति, स्थान वा समुह विशेषमा खुलेका झिना मसिना संघ संस्थाका तिथिपर्व वा उत्सवहरुमा प्रदान गरिने मान सम्मानहरु साटासाट गर्ने प्रचलन पनि मौलाएको छ । यो अर्म पर्म वा ऐंचो पैंचोको मान्यताले अकवि पनि कवि बन्न सक्ने क्षमता राख्दो छ ।

कला साहित्यको श्री बृद्धिको उद्देश्य राखेर केही संघ संस्थाहरुले प्रतिभाशाली व्यक्तिलाई मान सम्मान गरिने परम्पराको व्यवसथा पनि गरेका छन् त्यस्तो मान सम्मानको छनौट न निष्पक्ष र पारदर्शी चरित्रको देखिँदैन । कृति वा कृतित्व, व्यक्ति वा व्यक्तित्वको छनौट भन्दा पर रहेर छनौट समितिको सदस्यको पहुँच वा भागवण्डाको आधारमा वितरण गरिन्छ त्यस्तो कार्यका लागि बनाइएको नियम वा विनियमको मान्यता अङ्गिकार गरिएको हुँदैन् । हाम्रा मान्छेलाई हामीले दिने हो वा हाम्रा मान्छे हुँदा हामीले लिने हो भन्ने आत्मकेन्द्रित व्यक्तिवादले ग्रसित हुनु शोभनिय विषय होइन । कुनै एउटा साहित्यिक साँस्कृतिक संस्थाको नेतृत्वमा लामो समय विताएका व्यक्तिहरुले सोही संस्थाले दिइने सम्मान लिनु उपयुक्त विषय हो तर संस्थाकै पुरस्कारमा ऱ्याल काढेका केही पात्रहरु पनि देखिएको सुनिएको छ यस्तो घटना केटाकेटीको खाजा अभिभावकले नै खाए सरह हुन्छ । होइन र ?

पुरस्कार वा मान सम्मान अस्वीकार गरिएका खबरहरु पनि हामीले पढेका छौं सुनेका छौं । पुरस्कारको उद्देश्य, निर्णय प्रकृया वा अन्य केही अल्झनाले पनि पुरस्कार अस्वीकार गरिन्छन् । यस्ता घटनाले पुरस्कारको ओझ घटाउँछ ।

पुरस्कार वा मान सम्मानलाई वदनाम हुनबाट जोगाउनु पर्दछ । यसको गरिमालाई उच्च राखदै नयाँ वा वेजोड प्रतिभाहरुको क्षमता अभिवृद्धिमा लगाउने संस्कारको वानी वसाउनु पर्दछ जसले गर्दा प्रतिभाहरुको कदर र राज्य वा संघ संस्थाको गरिमामा आँच नपुगोस् । ***मुलबाटोबाट***

## पाठक-पत्र

# के एमालेभित्र लोकतन्त्र छ ?

मुलुकको सबैभन्दा ठूलो दल नेकपा (एमाले)को महाधिवेशन यहि मंसिर १० देखि चितवनमा हुँदैछ । महाधिवेशनको व्यवस्थापकीय तयारी तिव्र चलिरहेको छ । महाविधेशन स्थलमा निकै ठूलो लगानीमा सजिसजाउका कामहरु पनि भईरहेका छन् । महाधिवेशनमा सहभागी हुने प्रतिनिधिहरुको खानपानसहितको व्यवस्थापनमा निकै तयारी पनि गरिएको छ । पार्टी अध्यक्ष केपी शर्मा ओलीले महाधिवेशन प्रतिनिधिलाई भोज दिने तयारी पनि गरेका छन् ।

तर, यहाँ प्रश्न महाविधेशन स्थलमा गरिएको व्यवस्थापकीय पक्षमा होइन, प्रश्न ठूलो दल एमालेभित्रको लोकतन्त्रको विषयमा हो । ऐतिहासिक मानिने महाधिवेशनको व्यवस्थापकीय तयारी जोडतोडले चलिरहँदा को अध्यक्ष बन्ला ? को उपाध्यक्ष बन्ला ? को महासचिव बन्ला होला ? लगायतका प्रश्नहरु गौण बनेका छन् । कसले कस्तो खालको मुद्दामा नेतृत्वको लागि प्रतिस्पर्धा गर्दैछ भन्ने प्रश्न अन्यौंलमा छ ।

महाविधेशन आउन केही दिन मात्रै बाँकी रहँदा पनि पदाधिकारीबारे एक/दुई जनाले मात्रै मुख खोलेका छन् । एक/दुई जनाले मात्रै आफ्नो उम्मेदवारीसँगै प्रतिबद्धता व्यक्त गरेका छन् । तर, अन्य आकांक्षीहरु मौन छन् । किन यस्तो भयो ? विषय प्रष्ट छ, एमालेभित्र आन्तरिक लोकतन्त्र छैन । त्यहाँ पार्टी अध्यक्ष केपी शर्मा ओलीले जे भने त्यहि हुन्छ । त्यहाँ ओलीको चाहना बिना पुत्ला पनि उड्ने अवस्थामा छैन् । ओलीको स्वीकृति विना नेताहरु उम्मेद्वारी घोषणा गर्न पनि डराईरहेका छन् । यो निकै लज्जास्पद घटना हो ।

महाधिवेशन विचार र नेतृत्वको विषयमा बृहत छलफल हुनुपर्ने ठाउँ हो । विचार र नेतृत्वको विषयमा नेता र कार्यकर्ताबीच धेरैभन्दा धेरै बहस हुनुपर्ने ठाउँ हो । तर, एमालेभित्र ओलीराजको कारण सबै कुरा अन्यौंलमा छ । जब ओलीराजबाट नेताहरु नै मुक्त छैनन्, समग्र पार्टी पंक्ति नै स्वतन्त्र छैन भने कसरी राष्ट्रिय राजनीति जनताले चाहे अनुरुप होला ? प्रश्न गम्भीर छ ।

● **लालकाजी तामाङ**, सिन्धुपाल्चोक

# कहिले सुल्झेला फोहोरको समस्या ?

काठमाडौंमा फेरि फोहोरको समस्या देखिन थालेको छ । मुख्यतः उपत्यकाको चोक-चोकहरुमा फोहोर थुप्रिन थालेका छन् । चिसोयामको सुरुवातसँगै एकातिर धुँवा धुलो बढ्न थाल्नु र अर्कोतिर फोहोरको समस्या बढ्नुले स्वास्थ्यसम्बन्धी समस्या बढाउने चिन्ता बढेको छ ।

काठमाडौंमा फोहोरको समस्या वर्षेनी देखिन्छ । फोहोर व्यवस्थापनको जिम्मा लिएका निकायहरु सधैं रनभुल्ल मात्रै देखिन्छन् । काठमाडौं महानगर सधैं सरकारले समन्वय नगरिदिएको भन्दै पन्छिरहेको हुन्छ । महानगरले फोहोरको शुल्क त उठाईरहेको छ तर उसले व्यवस्थापनमा भने उचित ध्यान दिइरहेको देखिन्न । महानगर किन सधैं फोहोर व्यवस्थापन मौन छ भन्ने प्रश्न नागरिकको छ ।

महानगरलाई प्रश्न छ - ल्यान्डफिल साइटको समस्या समाधानमा सधैं उदासिन हुन मिल्छ र ? के यसको विकल्प खोज्नुपर्दैन ? के फोहोरको दिर्घकालिन समाधान खोज्नु पर्दैन ? के काठमाडौंलाई सधैं फोहोरको शहर बनाइरहने ?

● **उत्तम कार्की**, काठमाडौं

# विधुत प्राधिकरणलाई पत्रकारहरुको ध्यानाकर्षण पत्र



**देबराज पाध्याय/मध्यान्ह**
बाजुरा, ६ मंसिर

बाजुरा सदरमुकाम मार्तडीमा विद्युत अनियमितता भएको भन्दै नेपाल विद्युत प्राधिकरणलाई ध्यानाकर्षण गराइएको छ। बाजुराका पत्रकारहरुले जिल्ला प्रशासन कार्यालयमार्फत नेपाल विद्युत प्राधिकरण काठमाडौंलाई ज्ञापनपत्र बुझाउँदै ध्यानाकर्षण गराएको हो।

सोमबार बाजुरामा संचालित विभिन्न संचार माध्यममा कार्यरत पत्रकारहरुले सहायक प्रमुख जिल्ला अधिकारी समिर भण्डारीमार्फत प्राधिकरणलाई ज्ञापन पत्र बुझाएका छन्। सरकारले देशभर उज्यालो कार्यक्रम संचालन गरेता पनि बाजुरेली जनताले भने अझै लोडसेडिङको मार खेप्न बाध्य भएका छन्। कुलमान घिसिङ जस्तो उज्यालो नेपालका नायक प्राधिकरणको प्रमुख पदमा रहँदा पनि सुदुरपश्चिम प्रदेशको दुर्गम, भौगोलिक विकटतामा रहेको हिमाली जिल्ला बाजुरामा प्राधिकरणको प्रशारण लाइन विस्तार नहुँदा समस्या हुने गरेको छ। पत्रकारहरुले बुझाएको ध्यानार्कषण पत्रमा अँध्यारोमा बस्न बाध्य बाजुरेली जनताले राज्यबाट के अपेक्षा गरेका होलान्? भन्दै प्रश्न गरिएको छ। नेपाल सरकारको स्वामित्वमा रहेको बाजुरा साना जलविद्युत केन्द्र तीन वर्षमा ९३ लाख घाटा खाएपछि २०६६ सालमा नै त्रिवेणी बचत तथा ऋण सहकारी संस्थालाई लिजमा दिइएको थियो। हाल सो संस्थाले जेनतेन चलाइरहेको संस्थाका व्यवस्थापक दयाराम पण्डित बताउँछन्। यता विद्युत प्राधिकरको वितरण शाखा कार्यालय बसेको समेत करिब चार वर्ष पुग्न लागेको छ। तर सो कार्यालय भने टुलुटुलु मुखदर्शक बनेर हेरिरनु बाहेक अरु केही गरेको देखिएको छैन। यता मार्तडीमा विद्युत नियमित नहुँदा जिल्लाको पत्रकारिता क्षेत्र समेत निकै चपेटामा परेको छ। पत्रकारहरुले बुझाएको ज्ञापन पत्र बुझ्दै सहायक प्रमुख जिल्ला अधिकारी भण्डारीले ज्ञापन पत्र सम्बन्धित निकायमा पुर्‍याएर सम्बोधका लागि सक्दो पहल गर्ने प्रतिबद्धता जनाए।

# बाघको छालासहित दुई पक्राउ

**तुलसीपुर/मस**–दाङमा बाघको छालासहित दुई जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा राजपुर गाउँपालिका-६ का ३८ वर्षीय सूर्यबहादुर चौधरी र तुलसीपुर उपमहानगरपालिका-५ का ३१ वर्षीय महेन्द्र खड्का रहेका छन्।

दुवै जना आठ फिट दुई इन्च लम्बाइ र एक फिट आठ इन्च चौडाइ भएको छालासहित पक्राउ परेका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक मुकुन्द रिजालले जानकारी दिए। आइतबार राति पक्राउ परेका दुवै जनालाई प्रहरीले सोमबार सार्वजनिक गरेको हो।

चौधरी र खड्कालाई घोराही उपमहानगरपालिका-१६ गरुवा चोकबाट पक्राउ गरिएको हो। रा३प २६६ नंको मोटरसाइकलमा पूर्वबाट पश्चिमतर्फ आउँदै गर्दा उनीहरु बाघको छालासहित पक्राउ परेको प्रहरीले जनाएको छ।


**Saudi मा रोजगार** Majed Ibrahim Nasser Al-Hudhaili Cafe for Drinks

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Coffee Maker | 01 | [illegible] | 1500 | ४६,८४०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०७८ मंसिर १४ गते (30 Nov. 2021) यस प्रा. लि. को कार्यालय चाकुपाट, ललितपुरमा हुनेछ।

न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा. लि.
चाकुपाट, ललितपुर, नेपाल, फोन: ५२६०३२६, ९८०१२३२४१०

**कतारमा रोजगार** | कम्पनी : TRANS OCEAN TRADING & CONTRACTING CO. WLL शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०७/३० चलानी नं.: ६०१६८३१९ LT. No.: 250787

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 13 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Tile Maker | 12 | 0 | | 1100 | ३५,५८५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १४ गते (30 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

सत्यम इण्टरनेशनल सर्भिस प्रा. लि.
सुविधानगर, काठमाडौं, नेपाल, फोनः 01-5199336, 5199157
मो.: 9802090531,9802090520 | Email: stmintlnpl@gmail.com
Govt. Lic No.: 569/062/063

**साउदीमा रोजगार** | कम्पनी: EAST ARABIAN GATE RENTAL EQUIPMENT शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०८/०६ चलानी नं.: ६०१६८३२१ LT. No.: 251546

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pan Road Machinery Driver | 4 | 0 | स. काममा दक्ष | 2500 | ७९,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १४ गते (30 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Al Sasha Overseas Pvt. Ltd. Gov. Lic No. 1488/074/075
Pingalasthan, Gaushala, Kathmandu, Tel: 4592240, 4592241, Fax No: 01-4592239


# Nawadurga Rural Municipality

## Office of the Rural Municipal Executive

**Manilekh, Dadeldhura**
**Sudoorpaschim Province, Nepal**

## NOTICE OF INVITATION FOR ONLINE BIDS

**First Publication Date: 23th November 2021 (2078/08/07)**

1. Nawadurga Rural Municipality Manilekh, Dadeldhura invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding procedures for the following works:

| S.N. | IFB No. | Description of works | Bid validity period in days/Bid Security validity period in days | Estimated Amount Without VAT (NRs.) | Bid Security Amount in (NRs.) | Bid Document Fee (Non-Refundable) (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | NAWADURGA/WORKS/NCB/03/2078-079 | Construction of Ward Office (Ward No. 03) Building | 90/120 | 34,20,946 | 1,06,250 | 3,000 |
| Deadline for purchase of Bid Document: | Please, visit www.bolpatra.gov.np/egp (Hard Copy is not acceptable.) | | | | | |
| Deadline for bid submission: | 23th December 2021 (2078/09/08), up to 12:00 Hours | | | | | |
| Date, time and place of bid Opening: | 23th December 2021 (2078/09/08), at 14:00 Hours | | | | | |
| Date, time and place of Pre- Bid Meeting: | 14th December 2021 (2078/08/28), at 14:00 Hours | | | | | |
| Account No. for bid document purchase: | Name of Bank: **Prabhu Bank , Nawadurga Branch Dadeldhura**<br>Name of Office: **Nawadurga Rural Municipality, Manilekh Dadeldhura**<br>Office Account Number: **Aantarik Rajshwa Khata, Khata No.: 1610125413300098** | | | | | |
| Account No. for bid security deposit: | Name of Bank: **Prabhu Bank, Nawadurga Branch Dadeldhura**<br>Name of Office: **Nawadurga Rural Municipality, Manilekh Dadeldhura**<br>Office Account Number: **Dharauti Khata, Khata No.: 1610125413300038** | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office or may visit PPMO **website www.bolpatra. gov.np/egp**
3. All the other remaining condition and process will be applicable as stated in PPA 2063, and regulation 2064 and other related law.
4. Office have right to terminate the bid invitation at any time. If any queries contact office or at 9858745430 and 9863032345.

**Chief administrative officer**


**साउदीमा वैदेशिक रोजगारको अवसर**

१. कम्पनीः Omar Awad bin Abdullah Al-Mutairi Corporation For Operation and Maintenance शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०८/०६ चलानी नं.: ६०१६८३१६ L.T. No.: 251131

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 100 | 0 | स. काममा दक्ष | 1000 | ३१,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनीः SAUDI PAN KINGDOM FOR TRADING AND CONTRACTING CO. शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०८/०६ चलानी नं.: ६०१६८३१५ L.T. No.: 251421

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker. | 30 | 0 | स. काममा दक्ष | 1000 | ३१,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर १४ गते (30 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि. श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगानाः सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५९०

**बहराइन र कतारमा रोजगारको अवसर** | १. कम्पनी : NOTEBOOK RESTAURANT शहरः MANAMA
पुर्व स्वीकृत मितिः २०७८/०७/०८ चलानी नं.: ६०१६६१६० L.T. No.: 247879

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 4 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ३७,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Cook | 4 | 0 | | 150 | ४७,१३७ | | | | | | | |
| 3. | General Workers | 2 | 0 | | 110 | ३४,५६७ | | | | | | | |

२. कम्पनी : Sub & Super Structure Specialized Trading Contracting & Cleaning शहरः Doha
पुर्व स्वीकृत मितिः २०७८/०८/०२ चलानी नं.: ६०१६८०३४ L.T. No.: 250244

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | painter | 1 | 0 | | 1200 | ३८,८२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर १४ गते (30 Nov. 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

PEOPLE H.R.S. PVT. LTD.
Sinamangal-9, Kathmandu, Tel.: 4110617
Email: connectus1475@gmail.com, Web.: www.peoplehrsnepal.org
Gov. Lic No. 1475/074/075

**UAE मा वैदेशिक रोजगारको अवसर**

१. कम्पनीः AL QIMA INTERIOR CLEANING SERVICES FOR BUILDING AND DWELLINGS L.L.C शहर : UAE
पूर्व स्वीकृत मितिः २०७६/११/१५ चलानी नं.: ६०१५२५४६ LT. No.: 234197 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 10 | स. काममा दक्ष | 900 | २९,०३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनीः ROYAL FOR EMPLOYMENT SERVICES शहर : UAE
पूर्व स्वीकृत मितिः २०७८/०७/२३ चलानी नं.: ६०१६७११० LT. No.: 234197

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,७१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Concrete Mason | 20 | 0 | | 1200 | ३८,७१२ | | | | | | | |
| 3. | Reinforcing Fitter Assistant | 10 | 0 | | 1000 | ३२,२६० | | | | | | | |
| 4. | Building Labourer | 10 | 0 | | 1000 | ३२,२६० | | | | | | | |

३. कम्पनीः KHATT DATES FACTORY शहर : UAE
पूर्व स्वीकृत मितिः २०७६/१२/०२ चलानी नं.: ६०१५३४४४ LT. No.: 234955 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales | 0 | 20 | स. काममा दक्ष | 1500 | ४८,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर १४ गते (30 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Almighty International Manpower Services Pvt.ltd.
Tokha-10, Kathmandu, Tel.: 01-4364026,01-4386170,
EMAIL: almightynepal@gmail.com, info@aimsrecruitment.com
website: www.aimsrecruitment.com
Govt. Lic. No. 1440/074/075

**QATAR मा रोजगारी** | 1. Company: Golden Torch Co WLL
पूर्व स्वीकृती मिति. 2021/11/22 चलानी नं: 60168323 LT No.: 251274

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | QR | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | स. काममा दक्ष | 1400 | [illegible] | क.नि. अनुसार | [illegible] घण्टा | [illegible] दिन | [illegible] | [illegible] | [illegible] वर्ष |
| 2 | Farmer | 4 | | 1000 | [illegible] | | | | | | |

2. Company: Insulclad Trading and Contracting
पूर्व स्वीकृती मिति: 2021/11/22 चलानी नं: 60168322 LT No.: 251488

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | QR | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | स. काममा दक्ष | 1000 | [illegible] | क.नि. अनुसार | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०७८ मङ्सिर १४ गते (30th Nov. 2021) हुनेछ।

AAROHAN HUMAN RESOURCE PVT. LTD.
Battishputali-09, Kathmandu, Tel.: 01-4465606
Gov. Lic No. 1428/074/075

# एमाले महाधिवेशनः थप एक सय ट्राफिक प्रहरी परिचालन गरिने



**वाग्मती/मस–** चितवनमा हुने नेकपा (एमाले)को १० औं राष्ट्रिय महाधिवेशनमा थप एक सय ट्राफिक प्रहरी परिचालन गरिने भएको छ।

महाधिवेशनको उद्घाटन समारोहमा सवारीसाधनको चाप बढ्ने र यातायात व्यवस्थापनमा समस्या हुने देखिएपछि थप ट्राफिक प्रहरी परिचालन गर्न लागिएको हो। जिल्ला ट्राफिक प्रहरी कार्यालय र वाग्मती प्रदेश ट्राफिक प्रहरी कार्यालयसँगको समन्वयमा थप ट्राफिक प्रहरी परिचालन गर्न लागिएको हो । यातायात प्रबन्ध समितिका संयोजक कृष्ण भुर्तेलका अनुसार महाविधेशन उद्घाटनका दिन जिल्लाको यातायात व्यवस्थापनलाई सहज बनाउन थप जनशक्ति परिचालन गर्ने गरी सुरक्षा निकायसँग समन्वय भइरहेको बताए । यही मङ्सिर ९ गतेदेखि नै नारायणगढ र भरतपुर क्षेत्रलाई केन्द्रित गरी थप ट्राफिक प्रहरी परिचालन गर्ने तय भएको उनले बताए । महाधिवेशनमा यातायात सहज बनाउन गृहकार्य भइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षक भगवानराज थापाले बताए। जिल्लामा हाल ४० ट्राफिक प्रहरी परिचालित गरिएको छ ।

महाधिवेशनमा भाग लिन पश्चिमका जिल्लाबाट आउने सवारीसाधनलाई नवलपरासीको गैंडाकोटमा, पूर्वबाट आउने सवारीसाधनलाई केन्द्रीय बस टर्मिनललगायत ठाउँमा नारायणगढ-मुग्लिन सडक हुँदै आउने सवारीसाधनलाई नेपाल ट्रष्टको कार्यालय, पश्चिम चितवन क्षेत्रबाट आउने सवारीसाधनलाई बेलचोक क्षेत्र र वागिश्वरीमा तथा चितवनकै कालिका नगरपालिकासहितका स्थानबाट आउने सवारीसाधनलाई वीरेन्द्र क्याम्पसको नौ बिघा चौरमा व्यवस्थापन गरिँदैछ ।

# घरबाट हराएका युवक मृत फेला



**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, ६ मंसिर

रुकुम पश्चिममा हराइरहेका एक युवकको शव फेला परेको छ। करिब एक महिनादेखि बेपत्ता भएका युवकको शव सोमबार बिहान फेला परेको हो । जिल्लाको मुसिकोट नगरपालिका-१०, गलमपाटीका स्थानीय ३३ वर्षीय रणबहादुर रोकाको शव फेला परेको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले जनाएको छ ।

गत कात्तिक पहिलो सातादेखि घरबाट बेपत्ता भएका रोकाको शव सोमबार बिहान १० बजेतिर सोही ठाउँको भिरमा सडेको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका डिएसपी धुव्रकुमार श्रेष्ठले मध्यान्हलाई जानकारी दिए।

घरपरिवारले खोजतलास गर्ने क्रममा उनको शव भेटिएको प्रहरीले जनाएको छ। शव देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए। खबर पाउनासाथ प्रहरी चौकी झुल्खेतबाट खटिएको प्रहरी टोली घटनास्थलमा पुगेर अनुसन्धान प्रक्रिया अगाडि बढाइएको डिएसपी श्रेष्ठले जानकारी दिए ।

# आगलागीबाट पाँच करोडको क्षति

**झापा/मस–** झापाको विर्तामोड नगरपालिका-२ मा रहेको कनकाई प्लाई उद्योगमा आगलागी हुँदा करिब पाँच करोड रुपैयाँ बराबरको क्षति भएको छ ।

सोमबार बिहान विद्युत् सर्ट भई आगलागी हुँदा सो बराबरको क्षति भएको प्रहरीले जनाएको छ। उद्योगमा लागेको आगो १२ घण्टापछि नियन्त्रणमा लिइएको थियो ।

बिर्तामोड, मेचीनगर, भद्रपुर, दमक, गौरादह नगरपालिका, कमल गाउँपालिका र मोरङको उर्लाबारीबाट आएका दमकल, प्रहरी र स्थानीयवासीले आगो नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय अनारमनीका प्रहरी प्रमुख सन्तोष आचार्यले बताए ।


## जो जस संग सम्बन्धित छ

धाडिङ्ग जिल्ला साविक जिवनपुर ५ हाल धुनिवेशी न.पा ३ मा कि नं ८६, ११३, ८४, ११४, ११२, १११ भएको जग्गाहरुमा श्री माहांकालेश्वरी बालुवा तथा रोडा ढुङ्गा उद्योग प्रा.ली स्थापना गरी संचालन गर्दा साना उद्योगबाट यस क्षेत्रको आर्थिक, भौतिक भौगोलिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, रसायनिक, जैविक, जैविक विविधता, वातावरण प्रदुषण लगाएत त्यसका अवयवहरुमा कुनै किसिमको प्रत्यक्ष, प्रतिकुल प्रभाव पार्न सक्ने पक्षमा सो स्थानका सरोकारवाला, ब्यक्ति, वा संस्थाको लिखित तथा सुझाव लिन आवश्यक भएकोले सो सूचना प्रकाशित भएको ७ दिन भित्र निम्न ठेगानामा आईपुग्नेगरी लिखित राय सुझाब उपलब्ध गराईदिनहुन अनुरोध गरिन्छ ।

**धुनिबेशी नगरपालिका**
**वडा नं ३ कार्यालय रमाइलोचौर**



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६४/०६/१७ मा दर्ता भएको **प्रा.लि. नं. ४८५९६** को **बिदु फर्निचर उद्योग प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।





## QATAR मा रोजगारको अवसर

कम्पनी: CARMEL GROUP W.L.L. शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०६/१२ LT. No.: 246216
चलानी नं.: ६०१६४१०६ पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver ( Trailer) | 20 | 0 | स. काममा दक्ष | 1900 | ६१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १४ गते (30 November 2021) मा हुनेछ ।

NOTE:-Trailer heavy Driver Qatar Licence driver only .

पुरानो ड्राइभरलाई कम्तीमा २३०० देखि ३८०० सम्म कतार रियाल ओभरटाईम सहित तलब सुनिश्चित रहेको छ ।

**Prayas Re-Employment Consultant (Pvt.) Ltd.**
Way to Gopi Krishna Hall, Opposite to Siddhartha Bank, Chabahil, Saraswati Nagar, Kathmandu
Tel.: 0-4820095, 4820074 | Mob: 9851067213, 9823841132
Email: rson2006@gmail.com | web.:www.prayasre.com



## बहराइनमा रोजगारको अवसर | १. कम्पनी: CORTADO CAFE

शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०७८/०८/०३ चलानी नं.: ६०१६८२१७ LT. No.: 251196

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 8 | 0 | स. काममा दक्ष | 140 | ४४,२१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: **Securi Core** शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०७८/०८/०३ चलानी नं.: ६०१६८२१६ LT. No.: 251195

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 85 | 5 | सम्बन्धित काममा दक्ष | 120 | ३७,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Supervisor | 10 | 5 | | 200 | ६३,१७० | | | | | | | |
| 3. | Light Vehicle Driver | 10 | 0 | | 150 | ४७,३७५ | | | | | | | |
| 4. | Heavy Vehicle Driver | 5 | 0 | | 170 | ५३,६९० | | | | | | | |
| 5. | Cctv Operator | 10 | 0 | | 150 | ४७,३७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १६ र १९ गते (2 & 5 Dec 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Sky Of The World Manpower Pvt. Ltd.**
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4488231, 4491316
Mob.: 9851164164, 9851068774, 9851035867, 9849964370
E-mail : skymanpower1039@gmail.com, info@skymanpower.com, Web.www.skymanpower.com



## KUWAIT मा रोजगार | कम्पनी : POTION RESTAURANT COMPANY SPC

शहर : KUWAIT
पूर्व स्वीकृत मिति : २०७८/०८/०६ चलानी नं.: ६०१६८३५१ L.T. No.: 251385

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 0 | 3 | स. काममा दक्ष | 140 | ५४,८२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ मंसिर १४ गते (30 November 2021) मा हुनेछ ।



| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।



**Ujyalo Overseas Pvt. Ltd.**
Gov. Lic. No.: 1339|074|075
Kathmandu, Nepal, Tel : 4110543, Mob: 9819090441
Email: ujyalo.overseas2017@gmail.com, Web.:www.ujyalooverseas.com

## साउदीमा रोजगार | कम्पनी : NISAR AHMAD MALIK PLASTIC PRODUCTS FACTORY

शहर: SAUDI
पुर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५०७६ L.T. No.: 231059 पुन: बिज्ञापन

